का.जि.प्र.का.द.नं. १००/०५९/६०

१७ भदौ २०८०,
आइतबार
3 September 2023,
Sunday

मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न






*मध्यपुर थिमि चपाचोमा शनिबार थिमि भैल नाच प्रदर्शन गरिदै । गाईजात्राको भोलिपल्टदेखि चार दिनसम्म यस्तो प्रदर्शन गरिने प्रचलन छ ।* **तस्वीरः रत्न श्रेष्ठ, रासस**

नेतृत्वको होड

# विष्णु पौडेल भर्सेस शंकर पोखरेल



नेकपा एमालेभित्र विकसित भइरहेको गुटगत प्रतिस्पर्धा प्रदेश अधिवेशनहरुमा देखिएको छ । लुम्बिनीमा शनिबार उद्घाटन भएको प्रदेश अधिवेशनमा पनि उपाध्यक्ष विष्णुप्रसाद पौडेल र महासचिव शंकर पोखरेलबीच गुटगत प्रतिस्पर्धा हुँदैछ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ भदौ ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको प्रदेश अधिवेशन शनिबारबाट शुरु भएको छ। लुम्बिनीबाट एमालेको प्रदेश अधिवेशन शुरु भएको हो । उद्घाटन उद्घाटन गर्न एमाले अध्यक्ष केपी शर्मा ओली सहित शीर्ष नेताहरु बुटवल पुगेका थिए ।

यी नेताहरु मध्ये अध्यक्ष ओली, उपाध्यक्ष विष्णुप्रसाद पौडेल र महासचिव शंकर पोखरेलको अभिव्यक्तिलाई एमाले वृत्तमा चासोका साथ हेरिएको छ। अध्यक्ष ओलीले सहमतिमा नेतृत्व टुंग्याउन मञ्चबाटै निर्देशन दिए । 'सबै सहमतिमा बाहिर आउनुपर्छ, तपाइँहरु टुंग्याउनुहोस् । यति धेरै नेताहरु भएको अवस्थामा विवाद बाहिर नआओस्', ओलीले भनेका थिए ।

एमालेको १९ मध्य ७ प्रदेश लुम्बिनीमै भएको तर्क पनि ओलीले गरेका थिए । ओलीले भनेजस्तै उपाध्यक्ष पौडेलले पनि सहमतिमै नेतृत्व टुंग्याउनु राम्रो हुने बताए । 'शंकर पोखरेल र मेरो कुनै गुट छैन । गुटबन्दी मुर्दावाद, पार्टी एकता जिन्दावाद !', पौडेलले भनेका थिए ।

उपाध्यक्ष पौडेलपछि महासचिव पोखरेलले पनि गुटबन्दी नगर्न आग्रह गरेका थिए। तर उपाध्यक्ष पौडेलले जस्तै महासचिव पोखरेलले पनि नामै तोकेर गुटबन्दी नरहेको बताए। 'लुम्बिनीमा मात्रै नभएर सबै विषयमा विष्णु पौडेल र शंकर पोखरेल एक ठाउँमा छन्, शंका गर्नु पर्दैन' पोखरेलले भनेका थिए ।

ओली, पौडेल र महासचिवको अभिव्यक्ति एउटै आउनुमा भने लुम्बिनीमा गुटगत चुनावको तयार हुनु नै हो। अध्यक्ष ओलीले सहमति नभए लोकतान्त्रिक प्रणालीबाट नेतृत्व चयन गर्न समेत भन्नुले लुम्बिनीमा उपाध्यक्ष पौडेल र महासचिव पोखरेलबीच गुटगत प्रतिस्पर्धा हुँदै गरेको प्रष्ट हुन्छ।

प्रदेश इन्चार्ज बनेर लुम्बिनी पुगेकी पार्टी सचिव पद्मा अर्यालले पनि गुटबन्दी नभएकाले सहमतिमै नेतृत्व चयन हुने बताउनुले पनि पौडेल र पोखरेलबीच गुटगत प्रतिस्पर्धा हुँदै गरेको प्रष्ट हुन्छ। सार्वजनिक अभिव्यक्ति मात्रै नभएर प्रदेश अधिवेशनहरुको तयारीका क्रममा भइरहेको गतिविधिले पनि एमालेमा प्रष्ट दुई गुट विकास भएको लुक्दैन ।

लुम्बिनीमा प्रदेश अध्यक्षको दावेदार हरुले गुटगत अभिव्यक्ति र गतिविधि सार्वजनिक रुपमै गरिरहेका छन्। पौडेलका तर्फबाट राधाकृष्ण कँडेल र पोखरेलका तर्फबाट हरि रिजाल अध्यक्षको प्रतिस्पर्धामा छन् । कँडेल र रिजालले आफूतर्फका नेताहरुको गुटभेला गरेरै प्रदेश अधिवेशनमा सामेल भएका छन्। सार्वजनिक अभिव्यक्ति जस्तोसुकै दिएपनि उपाध्यक्ष पौडेल र महासचिव पोखरेल आफैले पनि निकट रहेका नेतालाई प्रदेशको पृष्ठ २ मा

# बेलगाम प्रचण्ड



समकालीन राजनीतिमा प्रचण्ड त्यस्तो व्यक्ति हुन्, जो बेलगाम बोल्छन् । विवादित भएपछि क्रान्तिकारी रोमान्सदेखि उत्तेजनामा आएकै कारण समस्यामा परेको दाबी गर्छन् । आफ्नै बोलीमा माफी माग्न लाज मान्दैनन् । बोलेकै कारण अदालतमा मुद्दा खपिरहेका प्रचण्ड फेरि पनि बेलगाम बोलिरहेका छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १६ भदौ ।

बोल्दा ख्याल नगर्ने र भावनामा बगेर बोलेको भन्दै माफी माग्ने प्रवृति प्रधानमन्त्री पुष्पकमल दाहालमा छ । यसकारण पटक पटक आफ्नै अभिव्यक्तिका कारण आलोचित भएर पनि उनले माफ पाइरहेका छन्। परिणाममा प्रचण्ड आफ्नो पद, जिम्मेवारी र दायीत्व भुलेर बेलगाम बोलिरहेका छन् ।

आफूलाई प्रधानमन्त्री बनाउन व्यावसायी प्रितम सिंह पटक-पटक भारत गएको भनी दिएको अभिव्यक्तिका कारण प्रचण्डले राजीनामाको माग फेस गर्नुपर्‍यो। छोरी उपचारका क्रममा रहेका बेला भएको संवाद बोलेको र त्यो धेरै पहिलेको प्रसंग रहेको उल्लेख गर्दै उनले संसदलाई नै भावुक बनाउने प्रयास गर्दै माफ मागे। आफ्नै बोलीमा माफ माग्नु परेपनि प्रचण्ड प्रवृति फेरिएको छैन् ।

शुक्रबार कास्कीको पोखरामा आयोजित समाजवादी मोर्चाको सन्देश सभालाई सम्बोधन गर्दै प्रचण्डले एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपाल ललिता निवासको सरकारी जग्गा व्यक्तिको नाममा पुर्‍याउने अपराधमा संलग्न नरहेको पुष्टि भएको बताए ।

'माधवजीको बारेमा पनि धेरै प्रश्नहरु के हो ? कसो हो ? भनिनै राखे । र पहिलोचोटी अहिले उहाँ निर्दोष हा भन्ने सावित भएको छ। औपचारिक हिसावले सावित भयो अब प्रश्न उठाउन ठाउँ रहेन' प्रधानमन्त्री प्रचण्डले भने । सिआइबीले अन्तत सिआइबीले बयान लिएर निर्दोष सावित गरेर मुद्दा चलाउन नपर्ने भनेर प्रतिवेदन दिएको उनले बताए ।

माधव नेपालमाथिको प्रश्नका कारण आफूलाई समेत टेन्सन परेको पनि उनले बताए। 'माधवजीलाई मात्रै टेन्सन भएत हुन्थ्यो हुन्थ्यो टेन्सन मलाइ पनि भयो' उनले भने, 'त्यो टेन्सन केपी ओली प्रधानमन्त्री हुँदा पनि मलाई टेन्सन थियो। किनभने हामी एउटै मोर्चामा थियौं। काहीँ न कहीाा षडयन्त्र हुने आशंका थियो। अब त्यो रहेन।'

अर्थात, अदालतको फैसला सुनाए जसरी प्रचण्डले माधव नेपाल निर्दोष सावित भएको बताए । जसको आलोचना सुरु भइसकेको छ ।

नेकपा एमालेका उपमहासचिव प्रदीप ज्ञवाली प्रधानमन्त्री प्रचण्ड नै भ्रष्टाचारीलाई सुनपानी छर्केर चोख्याउने



हिजो भन्दै हुनहुन्थ्यो मेरो ठूलो टेन्सन सकियो, माधव नेपालजीको टेन्सन सकियो । ए पुष्पकमल दाहाल प्रचण्डज्यू, तपाईंले फेरि जनअदालतको अभ्यास गर्न थाल्नुभएको हो ?

**प्रदीप ज्ञवाली**
**उपमहासचिव, एमाले**

अभियानमा लागेको आरोप लगाउँछन् ।

बुटवलमा शनिबारदेखि सुरु भएको नेकपा एमाले लुम्बिनी प्रदेशको पहिलो अधिवेशनलाई सम्बोधन गर्दै नेता ज्ञवालीले ललिता निवास प्रकरणमा टिप्पणी उठाउने खरदारलाई जेल कोच्ने तर निर्णय गर्नेलाई सरकारले छुट दिएको भन्दै आक्रोश व्यक्त गरे ।

'हिजो भन्दै हुनहुन्थ्यो मेरो ठुलो टेन्सन सकियो,माधव नेपालजीको पनि टेन्सन सकियो। ए पुष्पकमल दाहाल प्रचण्डज्यू ? तपाईंले फेरि जनअदालतको अभ्यास गर्न थाल्नुभएको हो ?'

प्रचण्ड पछिल्लो समयमा मात्रै आफ्नो अभिव्यक्तिमा विवादित भएका होइनन् । प्रचण्ड नेतृत्वमा चलेको १० वर्षे शसस्त्र युद्धका बेला मृत्यु भएका १७ हजारमध्ये ५ हजारको जिम्मा लिने अभिव्यक्तिले उनलाई अहिले पनि पच्छ्याइरहेको छ ।

युद्धको नेतृत्वदेखि शान्ति प्रक्रियामा आइपुग्दा सम्म प्रचण्ड निर्णायक बनिरहेका छन् । कतिपय विषयमा फ्याट्ट बोलिदिने प्रचण्ड आफै क्रान्तिकारी रोमान्सदेखि उत्तेजनामा आएकै कारण समस्यामा परेको दाबी गर्छन् । बोलेकै कारण उनी अदालतमा मुद्दा समेत खपिरहेका छन् ।

समकालीन राजनीतिमा प्रचण्ड त्यस्तो व्यक्ति हुन, जो बेलगाम बोल्छन्। विवादित भएपछि क्रान्तिकारी रोमान्सदेखि उत्तेजनामा आएकै कारण समस्यामा परेको दाबी गर्छन्। आफ्नै बोलीमा माफी माग्न लाज मान्दैनन्। बोलेकै कारण अदालतमा मुद्दा खपिरहेका प्रचण्ड फेरि पनि बेलगाम बोलिरहेका छन् ।

यसअघि भारत भ्रमणका क्रममा प्रधानमन्त्री प्रचण्डले दिएको अभिव्यक्ति पनि विवादमा तानिएको थियो । भारतसँगको सीमा समस्या समाधानको विकल्पमा चर्चा गर्दै उनले नेपाललाई भारतले बंगलादेशसम्मको सडक पहुँच दिनुपर्ने बताएको भन्दै विवाद सिर्जना भएको थियो । यसबारे संसदमा विरोध भएको थियो । पछि सच्याउँदै प्रचण्डले आफ्नो आशय त्यस्तो नरहेको प्रष्टिकरण नै दिनुपर्‍यो ।

२०७९ साल साउन १ गते प्रचण्डले जापानका पूर्व प्रधानमन्त्री सिन्जो आबेका सम्बन्धमा दिएको अभिव्यक्ति पनि विवादमा तानिएको थियो । आबे नेपाल आउँदा उनीसँग पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष



# मलेसियामा कम्पनी छोडेर भाग्ने क्रम बढ्दो

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ भदौ

मलेसियामा म्यानुफ्याक्चरिङको काममा गएका महिला कामदारहरुले कम्पनी छोड्ने क्रम बढेको छ। आफूलाई कम्पनीको काम चित्त नबुझ्नसाथ महिला कामदारमा काममा नजाने वा कम्पनी नै छोडेर भाग्ने गरेको घटना बढेर गएको मलेसियास्थित नेपाली दूतावासले बताएको छ। यसले गर्दा नेपाली कामदार नै कानूनीरुपले कमजोर हुन गइ आफ्नो अधिकार समेतबाट बञ्चित हुने भन्दै नेपाली दूतावासले सचेत गराएको छ ।

दूतावासले प्रत्येक शुक्रबार सञ्चालन गर्ने साप्ताहिक फेसबुक लाइभ कार्यक्रममा गत शुक्रबार दूतावासका द्वितीय सचिव प्रेमबहादुर बुढथापाले मलेसियामा म्यानुफ्याक्चरिङको काममा आएका महिला कामदारहरुले कम्पनी छोडेका खबरहरू निरन्तर आइरहेको बताए ।

मलेसियामा पुरूष कामदार सेक्युरिटी, होटल तथा सर्भिस, म्यानुफ्याक्चरिङ, प्लान्टेशनको काममा जाने भएपनि महिला कामदारहरु बढी मात्रामा म्यानुफ्याक्चरिङ र क्लिनरको काममा जाने गरेका छन् ।

महिला कामदारहरु आफ्नो व्यक्तिगत बुझाइभन्दा पनि अन्यत्र राम्रो काम लगाइदिने झुटो आश्वासन दिने गिरोह र बिचौलियाको प्रभावमा परेर रोजगारदाता छाडेर भाग्ने गरेको पृष्ठ २ मा

### भदौ १६ लुसुक्क बिदा

**काठमाडौं/मस–** भनिन्छ पुरानो भएपछि दिसा पनि गन्हाउँदैन । २० वर्ष अगाडि २०६१ साल भदौ १६ का दिन इराकमा १२ नेपालीको सामूहिक हत्यापछि काठमाडौंमा उक्त दिन म्यानपावर कम्पनीविरूद्ध उपद्रव भएको थियो। तत्कालीन सरकारले गराएको जाँचबुझ प्रतिवेदनअनुसार उक्त उपद्रवमा राजधानीमा म्यानपावर कम्पनीको १ अर्ब १ करोड ६१ लाख ३७ हजार ६२ रुपैयाँ ३७ पैसा क्षति भएको थियो ।

प्रदर्शनमा उत्रिएकाहरूमाथि प्रहरीले गोली चलाउँदा दुई जनाको पृष्ठ २ मा

# सुदृढीकरणको अभियानमा माओवादी

अभियानका क्रममा पार्टीले प्रचण्ड नेतृत्वको सरकारले गरेका कामकारबाहीलाई जनतासम्म पुर्‍याउने तयारी गरेको छ । नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास जग्गा प्रकरण, सुन तस्करी नियन्त्रणलगायत सुशासनको पक्षमा गरेका कामलाई प्रचार गर्ने उसको लक्ष्य छ ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १६ भदौ ।

'घरघरमा माओवादी जनजनमा माओवादी' भन्ने नाराका साथ माओवादी केन्द्रले ३ महिना अभियान शुरू गरेको छ ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले शनिबार काठमाडौंको चन्द्रागिरीस्थित भट्टेडाँडाबाट जनतासँग माओवादी विशेष अभियानको शुभारम्भ गरे । अन्य नेताहरुले देशका बिभिन्न कार्यक्रममा सहभागिता जनाए ।

पर्यटनमन्त्री सुदन किरातीले मोरङको बेलबारी बहुमुखी क्याम्पस र सहिद प्रतिष्ठानमा वृक्षारोपण गर्दै माओवादीको तीन महिने अभियान उद्घाटन गरे ।

माओवादी नेताहरुले सुनसरीको हरिनगरा- ४ मा हरिनगरा माध्यमिक विद्यालयको सरसफाइ गरेर अभियानको उद्घाटन गरे ।

मोरङको बुढीगंगामा खेत गोडेर माओवादी केन्द्रले जनतासँग माओवादी विशेष रुपान्तरण अभियानको शुभारम्भ गर्‍यो । माओवादी केन्द्र बुढीगंगा गाउँपालिका वडा कमिटिले वडा नम्बर ५ मा धान गोडेर अभियानको शुरू गरेको हो । अभियानमा सहभागी हुन पुगेका माओवादी नेता, कार्यकर्ताहरूले किसानको खेतको धान गोडे ।

देशभरका ७ हजार २४३ वडामा एकसाथ सुरु माओवादीले अभियान सुरु गरेको हो । यस कार्यक्रम अन्तर्गत शीर्ष नेताहरू पनि वडावडामा पुग्ने कार्यक्रम तय भएको छ ।

प्रचार विभाग प्रमुख अग्निप्रसाद सापकोटाका अनुसार प्रधानमन्त्री समेत रहेका पार्टी प्रचण्ड चन्द्रागिरि नगरपालिका २ घट्टेडाँडाको कार्यक्रममा गए । वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ ललितपुर महानगरपालिका २८ हरिसिद्धीको कार्यक्रममा सहभागी भए । सबै पदाधिकारी वडाहरुमा पुगे । अभियानका क्रममा जनताको घरघरमा जाने र जनतालाई सुन्ने माओवादीले बताएको छ ।

पार्टीले गरेका कमजोरी महसुस गरेरै जनतासँग फर्किने अभियान घोषणा गरिएको सापकोटा बताउँछन् । उनका अनुसार अभियानका क्रममा २५ लाख मतदातासँग प्रत्यक्ष भेटघाट गर्ने र पाटी सदस्य पृष्ठ २ मा

# राम्रो काम गर्दा पनि बदनाम गर्न खोजियोः अधिकृत महतो

**सागर संगम ठाकुर/मध्यान्ह**
रौतहट, १६ भदौ



रौतहटका प्रमुख सहायक वन अधिकृत सुरेश कुमार महतोले आफू वन जोगाउन दिनरात खटिँदा पनि केही व्यक्तिले विभिन्न सञ्चारमाध्यमबाट आफूलाई बदनाम गराउन खोजेको आरोप लगाएका छन् । जिल्लाको पौराही सव-डिभिजन वन कार्यालयका प्रमुख सहायक वन अधिकृत महतोले पत्रकारहरुसँग कुरा गर्दै यस्तो बताएका हुन् ।

नदी किनारमा वृक्षारोपण गरेर लाखौं बजेट हिनामिना गर्नुभएको हो ? भन्ने पत्रकारहरुले सोधेको प्रश्नको जवाफ दिँदै उनले भने, 'मैले वृक्षारोपणमा कुनै हिनामिना गरेका छैन । हामीले नदी उकास भएको ठाउँमा नै वृक्षारोपण गरेका हौं ।' उनले थपे, 'त्यस्तो ठाउँमा वृक्षारोपण गरेपछि त्यस ठाउँको वातावरणदेखि आर्थिक रुपमा पनि फाइदा पुग्छ । पछि त्यहाँ गरिएको वृक्षारोपणलाई हामी स्थानीय समुदायलाई हस्तान्तरण गर्छौं । त्यहाँबाट उनीहरुले करोडौं रुपैयाँ फाइदा लिन सक्नेछन् । त्यसै लक्ष्य अनुरुप हामीले आर्थिक वर्ष २०७९/८० मा जिल्लाको चन्द्रपुर नगरपालिकाको वडा नम्बर १ स्थित बागमती नदी किनारमा दोभान टोलदेखि पूर्व क्षेत्रमा वृक्षारोपण गरेका हौं । सो ठाउँमा रहेको नदी किनारमा खैर, सिसौं, टिक, अमला र जामुनसहित विभिन्न जातको बिरुवा करिब २८ हेक्टर क्षेत्रफलमा रोपेका छौं ।' उनले खोला किनारमा हुने बिरुवा नै आफूहरुले रोपेको बताए । सरकारको नीति अनुसार आफूहरुले काम गरेको उनले बताए । तर केही व्यक्तिहरुले भ्रामक, कपोकल्पित कुराहरु गरिरहेको अधिकृत महतोले बताए ।

'स्थलगत अनुगमन गर्दा पनि हुन्छ । वृक्षारोपण भएपछि स्थानीयहरुलाई धेरै फाइदा पुग्ने कुरा हो' उनले भने,'चरीचरण बन्द र आगलागी भएन भने स्वतः त्यहाँ अन्य विरुवा पनि उम्रने छन् । पछि स्थानीयहरुले दाउराको रुपमा पनि प्रयोग गर्न पाउने छन् ।' साथै वृक्षारोपण गरिएको खैरको विरुवालाई जोगायौं, हुर्कायौं भने धेरै आम्दानी लिन सकिने उनको भनाइ छ । बगरमा विरुवा नलाइ लाखौं रकम अनियमितता भएका भनी आफूमाथि लगाइएको आरोप गलत रहेको महतोको भनाइ छ ।

उनले भने, 'त्यहाँ गएर हेर्नु भयो भने वास्तविक वृक्षारोपण भएको छ । ती अरोपहरु गलत हुन् । वनजंगल सरक्षण गर्न हामी दिनरात गस्तीमा जाने गरेका छौं । गस्ती गर्नै क्रममा आफ्नो कार्यकालमा ४ वटा गाडीमा करिब १० लाख बराबरको काठ बरामद गरी वन कार्यालयमा बुझाएका छौं । त्यसबाहेक हामीले मोटरसाइकल, ट्याक्टरमा लगिरहेको काठहरु पनि बरामद गरी बुझाएका छौं । हामीसँग साधन, स्रोत र म्यानपावरको अभावका बाबजुद पनि विभिन्न निकायहरुको सहयोगले वन संरक्षणको काम हामीले गरिरहेको छौं । यो निकै ठूलो चुनौतीको रुपमा रहेको छ ।' उनले कम जनशक्तिका बाबजुद आफूहरुले कर्तव्य पालनको क्रममा ज्यानको बाजी लगाएर वन संरक्षणमा जुटेको दाबी गरे ।

# जनमत रक्तदान कार्यक्रमको ५७औं श्रृंखला : ३२ जनाले गरे रक्तदान

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, १६ भदौ



नेपालगन्ज/मस-जनमत अर्द्ध साप्ताहिकको आयोजनामा गरिएको त्रैमासिक रक्तदान कार्यक्रममा दुई महिलासहित ३२ जनाले रक्तदान गरेका छन् ।

शनिबार भएको रक्तदान कार्यक्रममा पत्रकार, व्यवसायी, शिक्षक, विद्यार्थी, समाजसेवी, स्वास्थ्यकर्मी लगायत नियमित स्वयम्सेवी रक्तदाताहरुले रक्तदान गरेका थिए । नेपाल स्वयम्सेवी रक्तदाता समाज बाँके जिल्ला कार्यसमितिको सहकार्यमा सम्पन्न उक्त कार्यक्रममा जनमत अर्द्ध साप्ताहिक पत्रिकाका सम्पादक पूर्णलाल चुके र अवधी पत्रकार संघ बाँकेका अध्यक्ष प्रहलाद विश्वकर्माले प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका प्राविधिक होमराज गिरीलाई रक्त संकलन गर्ने पाकेट हस्तान्तरण गरी कार्यक्रम शुरु गरिएको थियो ।

जनमतको रजत वर्षको अवसरमा २०६३ वैशाख २९ गतेदेखि 'रक्तदान जीवनदान' को उद्देश्यका साथ शुरु गरी नियमित रुपमा सञ्चालित 'त्रैमासिक रक्तदान कार्यक्रम' को ५७ औं श्रृंखलामा रक्तदान गर्नेहरुमा नेपाल स्वयम्सेवी रक्तदाता समाज बाँके उपाध्यक्षका मनबहादुर केसी (निशान), अन्नपूर्ण पोष्ट दैनिकका प्रदेश प्रमुख तथा मेरो खुशी डट कमका सम्पादक शंकर प्रसाद खनाल, नेपाल स्वयंसेवी रक्तदाता समाज बाँकेका सल्लाहकार सेवी माधवराम वर्मा, नियमित रक्तदाताहरु सेन्टथोमस हाईस्कुलकी निमित्त प्रिन्सिपल स्वेता बज्राचार्य, पत्रकार चन्द्रेश्वरराज त्रिपाठी, योग प्रशिक्षक कञ्चन बिसी, नीरजमान श्रेष्ठ, लक्ष्मण कुमार वैश्य, पवन कुमार वैश्य, गौतम प्रसाद पौडेलले रक्तदान गरेका थिए ।

कार्यक्रममा दिनेश कुमार तमोली, पप्पु कुमार तमोली, घनश्याम कौशल, प्रशान्त तिवारी, धर्मेन्द्र सिंह, जियालाल धोबी, सञ्जय बढई, धर्मेन्द्र सिंह, जानकी गाउँपालिका वार्ड नं.-५ का पूर्व वडाध्यक्ष रमेश कुमार वर्मा, जवाहरलाल वर्मा, राजेश कुमार वर्मा, शिक्षक देवेन्द्र कुमार यादव, अशोक मौर्य, राधेश्याम अहिर, तिरथराम कुम्हार, कुलराज कुर्मीले रक्तदान गरेका थिए । त्यसैगरी बसन्त कुमार श्रेष्ठ, अफजल खान, ललितराम चौधरी, विवेक थारु, गोविन्द सोनी, डम्बर थापा लगायत ३२ जनाले रक्तदान गरेका थिए ।

कार्यक्रममा प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका प्रमुख उपेन्द्र रेग्मीको नेतृत्वमा सुनिल थापा मगर, सोम प्रसाद सापकोटा, होमराज गिरी, सञ्जय बढही, सुनिता कुमाई, प्रशान्त तिवारी, ज्ञानुराज बिसी, हिक्मत नेपाली, केशर सिंह डाँगीले प्राविधिक सहयोग र आकाश जायसवाल र नेपाल स्वयम्सेवी रक्तदाता समाज बाँकेका कोषाध्यक्ष मनमोहन वर्माले रक्तदान कार्यक्रममा सक्रिय सहयोग गरेका थिए ।

वि.सं.२०६३ साल वैशाखदेखि निरन्तर रुपमा आयोजना गरिंदै आएको त्रैमासिक रक्तदान कार्यक्रममा ५७ औं श्रृंखलासम्म करिब तीन हजार पिन्ट भन्दा स्वयम्सेवी रक्तदाताहरुले रक्तदान गरिसकेका छन् ।

स्वाथ्य विज्ञानका अनुसार नियमित रक्तदान गर्ने पुरुषहरुमा हुनसक्ने आइरन ओभर लोड कम हुन जान्छ र हृदयाघात हुने सम्भावना ८८ प्रतिशत कम हुन्छ । आइरन बढी हुने भएकोले नियमित रक्तदान गर्ने पुरुषहरुमा मधुमेह र क्यान्सर रोग हुने सम्भावना कम हुन्छ । त्यसैगरि रक्तदान गरेपछि शरीरमा नयाँ रक्त कोशिकाहरु बन्ने हुँदा रक्त प्रणाली पुनर्ताजगी हुन्छ र रक्तदान गरे जति रगतको मात्रा ४ साताभित्र तयार हुने हुँदा हरेक तीन महिनाको फरकमा रक्तदान गर्दा शारीरिक रुपमा पनि स्फुर्ती आउने गर्छ ।

## बेलगाम...

आफूले भेटेको अभिव्यक्ति प्रचण्डले दिएका थिए । जबकि, जापानका पूर्वप्रधानमन्त्री आबे नेपाल आएकै थिएनन् ।

२०७६ सालमा माघी महोत्सवका अवसरमा काठमाडौंमा आयोजित कार्यक्रममा प्रचण्डले दिएको अभिव्यक्ति पनि विवादमा तानिएको थियो । उनले माओवादी सशस्त्र द्वन्द्वकालका बेला मारिएको १७ हजारमध्ये पाँच हजारको जिम्मा आफूले लिने बताएका थिए । यस विषयमा उनले अदालतमा मुद्दासमेत भोगिरहेका छन् ।

विगतमा प्रचण्डले दिएका अन्य धेरै अभिव्यक्ति छन् जो चर्चित र विवाददित भएका थिए । 'मलाई हेगमा लगेर पनि केही फरक पर्दैन । हेग लग्यो भने विश्वकै हिरो भएर निस्कन्छु । संसारले मलाई एकपटक चिन्ने छ' प्रचण्डले अन्य दलका नेताहरुलाई चुनौती दिने क्रममा भनेका छन् । 'पूर्व राजालाई नागार्जुनबाट लखेट्ने र राजसंस्थाका समर्थकलाई खरानी बनाउने' जस्ता अभिव्यक्ति इतिहासमा दर्ज छन् ।

## नेतृत्वको...

नेतृत्वमा लैजाने तयारी गरिरहेका छन् । जसलाई यी नेताहरुले पार्टीको एघारौं महाधिवेशनमा पार्टी नेतृत्वमा पुग्ने तयारीका रुपमा अगाडि बढाएका छन् ।

## मलेसियामा...

दूतावासको बुझाइ रहेको छ । मलेसियामा भागेर अवैधरुपमा बस्ने कामदारलाई पुनः मलेसिया प्रवेशका लागि कम्तीमा ६ महिना प्रतिबन्ध लगाउने गरिएको छ ।

संस्थागत वा औपचारिक क्षेत्रमा काम गर्ने बानी र अभ्यास नभएका नेपाली महिला कामदारमध्ये केहीले कम्पनी राम्रो नभएको, केहीले कम्पनीले रोजगारबापत दिने सुविधा, खाना तथा वासस्थान राम्रो नभएको वा अन्यत्र राम्रो काम पाइनेजस्ता वास्तविक र कतिपय अवस्थामा बनावटी कारण देखाउँदै करार विपरीत काम छोड्ने गरेको बताइएको छ ।

मलेसियामा चुपचाप रोजगारी गरिरहेका नेपालीलाई विभिन्न बहानामा कम्पनी छाड्न उक्साउने, कम्पनी छोडेर अलपत्र परेपछि नयाँ रोजगारी खोजी गरिदिने, रोजगारी नपाए स्वदेश पठाउन ट्राभल्स डकुमेन्ट बनाइदिने भन्दै ठग्ने गिरोह नै रहेको र उक्त गिरोहले सामाजिक संस्था वा परोपकारी संस्थाको आवरणमा दूतावासभित्र पनि चलखेल गर्ने गरेको बेलाबेलामा चर्चा हुने गरेको छ ।

मलेसियामा कम्पनी छोडेर अवैधानिक अवस्थामा रहेकाहरूलाई त्यहाँको प्रहरीले समेत लुटपाट गर्ने गरेको बताइएको छ । मलेसिया सरकारले अवैधानिक अवस्थामा रहेकाहरूलाई जरिवाना छुट दिएर स्वदेश फिर्ता गराउने कार्यक्रम 'बंकुश' खुला गर्ने गरेको छ । हाल मलेसियामा अवैधानिकरूपमा रहेका नेपालीले उक्त बंकुश कहिले खुला हुन्छ भनी निरन्तर चासो राख्ने गरेका छन् ।

## भदौ...

मृत्यु र ९९ जना घाइते भएका थिए । त्यसपछि लामो समय वैदेशिक रोजगार व्यवसायीले उक्त क्षतिको क्षतिपूर्ति र व्यवसाय सुरक्षाको माग गर्दै भदौ १६ गतेलाई कालो दिवसका रूपमा स्मरण गरेर विभिन्न कार्यक्रम गर्ने गरेको भएपनि पछिल्ला केही वर्षयता नेपाल वैदेशिक रोजगार व्यवसायी संघ तथा वैदेशिक रोजगार व्यवसायीले उक्त कालो दिवसका सन्दर्भमा कार्यक्रम गर्न छाडेका छन् ।

हाल वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेकामध्ये धेरै व्यवसायी उक्त घटनापछि व्यवसायमा प्रवेश गरेका नयाँ व्यवसायी छन् । सीमित संख्यामा रहेका पुराना व्यवसायीले पनि उक्त दिनलाई सम्झनुभन्दा आफ्नो स्मृतिबाट मेटाउँदै जानु उचित ठानेको देखिएको छ ।

२०६१ भदौ ४ गते इराकी आतंककारी समूह अन्सर अल सुन्नाले रोजगारीका लागि इराक गएका १२ जना नेपालीलाई अपहरण गरी नियन्त्रणमा लिएर १२ दिनपछि हत्या गरेको थियो ।

## माओवादीको...

संख्या ८ लाख पुर्‍याउने लक्ष्य छ । जनतासँग फर्किने भनेर माओवादी केन्द्रले अभियान घोषणा गरेको यो पहिलो पटक भने होइन । विगतमा उत्पादन ब्रिगेड बनाउनेदेखि संगठन सुदृढ गर्ने अभियानसम्म घोषणा गरेको थियो । ४ मंसिर २०७९ को आम निर्वाचनपछि फागुनमा पनि दुई महिने अभियान घोषणा गरेको थियो । तर विगतका कार्यक्रम प्रभावकारी भएको महसुस स्वयम माओवादी नेताहरुले गर्न नसकेको स्वीकार गर्छन ।

पार्टीसँग सम्बन्ध बलियो बनाउन नसकेकै कारण माओवादी पार्टीले निरन्तर क्षेति बेहोर्नुपरेको नेताहरुको बुझाइ छ । १२ बुँदे समझदारी गरेको शान्ति प्रक्रियामा आएको माओवादीले ०६४ मा भएको पहिलो संविधानसभा निर्वाचनमा अभूतपूर्व सफलता पाएको थियो । ६०१ सदस्यीय संविधानसभामा प्रत्यक्षतर्फ २४० मध्ये १२० सिट जितेको माओवादी २२० सिटका साथ पहिलो दल थियो । दोस्रो नेपाली कांग्रेस र तेस्रो दल एमाले मिल्दा पनि माओवादी हाराहारी मात्र हुन्थ्यो ।

तयसयता एकपछि अर्को चुनावमा माओवादीको आकार घट्दो छ । अहिले २७५ सदस्यीय प्रतिनिधिसभामा जम्मा ३२ सिटको दल छ माओवादी । प्रत्यक्षतर्फ गठबन्धन गरेर केही सिट जितेपनि समानुपातिकमा चुनावको मुखमा बनेको राष्ट्रिय स्वतन्त्र पार्टी हाराहारी मात्र मत पाएको छ । प्रदेशहरुमा पनि अवस्था उस्तै छ ।

माओवादीले रुपान्तरण अभियानका क्रममा पार्टी अध्यक्ष प्रचण्ड प्रचण्ड नेतृत्वको सरकारले गरेका कामकारबाहीलाई जनतासम्म पुर्‍याउने तयारी गरेको छ । नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास जग्गा प्रकरण, सुन तस्करी नियन्त्रणमा लगायत सुशासनको पक्षमा गरेका कामलाई प्रचार गर्ने उसको तयारी छ । अर्थात, नेताहरु माओवादी बौरिने प्रयासमा रहेको टिप्पणी गर्छन । यसका लागि तीन महिने अभियान प्रस्थानबिन्दु हुन सक्ने उनीहरुको आँकलन छ ।

# स्रोत नखुलेको ४४ लाखसहित दुई जना पक्राउ

**रामएकवाल राम/मध्यान्ह**
सिरहा, १६ भदौ

स्रोत नखुलेको ४४ लाख रुपैयाँसहित सिरहा प्रहरीले दुईज नालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सिरहा नगरपालिक वडा नं. १७ बस्ने ५२ वर्षीय प्रेम कुमार यादव र सिरहा नगरपालिका वडा नं. ७ बस्ने ४२ वर्षीय सञ्जय कुमार साह रहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

शक्रबार सिरहा नगरपालिका वडा नं. १७ प्रहरी चौकी खिरौना र इलाका प्रहरी कार्यालय माडरको संयुक्त प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा भारतबाट नेपाल आउँदै गरेका दुई जनालाई ४४ लाख रुपैयाँसहित नियन्त्रणमा लिइएको प्रवक्ता प्रहरी नायव रबिन्द्र राज पाण्डे जानकारी दिए । पक्राउ परेका यादव सवार बिआर ७ एस ४२२४ नम्बरको ह्याण्डय स्यार्टो कारको सिट मुनि लुकाई छिपाई राखेको अवस्थामा रकम बरामद गरिएको हो । बरामद गरिएको रकमसहित दुवै जनालाई आवश्यक कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय, इटहरी पठाइएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

# 'प्राथमिकतामा जनताको एजेण्डा'

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १६ भदौ



उदयपुरमा जनतासँग माओवादी विशेष रुपान्तरण अभियान शुरु भएको छ । नेकपा माओवादी केन्द्रले जनतासँग माओवादी विशेष रुपान्तरण अभियान २०८० शनिबारदेखि जिल्लाको आठ वटै पालिका त्रियुगा, बेलका, चौदन्डीगढी, कटारी नगरपालिका तथा उदयपुरगढी, लिम्चुङ्बुङ, रौतामाई, ताप्ली गाउँपालिकाअन्तर्गत रहेका सबै वडाहरुमा शुरु भएको हो ।

जिल्ला पार्टी समन्वय समिति संयोजक विनोद कटुवालले यो अभियानमा जिल्लाको आठ वटै पालिकाको सम्पूर्ण वडाका जनता, कार्यकर्ता तथा शहीद परिवारसँग भेटघाट गरिने जानकारी दिए । कटुवालले विकास निर्माणको काम अनुगमन, सार्वजनिक स्थल बाटोघाटोको सरसफाइलगायत पार्टीको मुद्दा र जनताको एजेण्डाजस्ता कार्यक्रमहरु अभियानको रुपमा अगाडि बढाउँदै लगिने बताए ।

अभियानको शुरुवात माओवादी पार्टी केन्द्रीय अनुशासन आयोगका अध्यक्ष टंक राईले जिल्ला अस्पताल उदयपुरको परिसरभित्र सरसफाइ गरेर शुभारम्भ गरेका थिए । पार्टीको अभियानअन्तर्गत केन्द्रीय सदस्यहरुलाई आठ वटै पालिकाका तहहरुमा परिचालन गरिएको छ । जसमा टंक राई त्रियुगा, गोपी अछामी र धनमाया बिक कटारी, मुक्साहाङ मेन्याङ्बो उदयपुरगढी, रामकुमार राई 'पासाङ' लिम्चुङ्बुङ र ताप्ली, अमनलाल मोदी चौदन्डीगढी र बेलकाको इन्चार्जको रुपमा परिचालित भएका छन् ।

अभियानमा पार्टीनिकट जनवर्गीय संगठनहरु अखिल शिक्षक महासंघ, किरात मुक्ति मोर्चा, योङ कम्युनिष्ट लिग (वाईसीएल) विद्यार्थी, कर्मचारी, महिला, दलित, पिछडिएका वर्गलगायत सर्वसाधारणले सहभागिता जनाएका छन् । बाढीपहिरोले अवरुद्ध सडकको मर्मत गरेर पुनः सञ्चालन, सार्वजनिक स्थल, बाटोघाटो, विद्यालय, स्वास्थ्य चौकी, अस्पताल सरसफाइ, वृक्षारोपण, जनताका मुद्दा तथा एजेण्डालगायतका कार्यलाई अगाडि बढाएर जनतामाझ माओवादी विशेष रुपान्तरण अभियान सञ्चालन गरिने पार्टीले जनाएको छ ।

# कृष्णनगरमा जनतासँग माओवादी विशेष रुपान्तरण अभियान शुरु

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, १६ भदौ




कपिलवस्तुको कृष्णनगर नगरपालिकाको १२ वटै वडामा तीन महिने जनतासँग माओवादी विशेष रुपान्तरण अभियान शुरु भएको छ ।

उक्त अभियानको माओवादी विशेष रूपान्तरण अभियानको भर्चुअल रुपमा शनिबार पेरिसडाँडाबाट नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष तथा प्रधानमन्त्री पुष्प कमल दाहाल 'प्रचण्ड'ले उद्घाटन गरेका थिए ।

सोही अनुरुप कृष्णनगरको १२ वटै वडामा पनि अभियान शुरु गरिएको हो । कृष्णनगरको उद्घाटन कार्यक्रममा नेकपा माओवादी केन्द्रका लुम्बिनी प्रदेश समिति कोषाध्यक्ष निर्दोष अली, कपिलवस्तु जिल्ला संयोजक बिष्णु बेल्बासे, जिल्ला सदस्य तुफैल आलम खाँ, कृष्णनगर नगर समितिका अध्यक्ष जावेद आलम खाँ र नगर सचिव गणेश प्रसाद बन्जाडे लगायतको उपस्थिति रहेको थियो ।

तीन महिने विशेष रुपान्तरण अभियान कपिलवस्तु जिल्लाको १२ वटै पालिकाको हरेक वडामा एकै साथ उद्घाटन गरिएको छ । अभियानको अन्त्यमा पालिका स्तरीय भव्य सभा समेत गरिने कपिलवस्तु इन्चार्ज तथा पूर्वमन्त्री तथा नेकपा माओवादी केन्द्रका स्थायी समिति सदस्य महेश्वर जंग गहतराज (अथक)ले बताए ।

कृष्णनगर नगरपालिकाको उद्घाटन कार्यक्रम माओवादी केन्द्र लुम्बिनी प्रदेश कोषाध्यक्ष निर्दोष अलीले अभियानको क्रममा तीन महिनासम्म कपिलवस्तुका हरेक पालिकाको टोल-टोल, घर-घरमा जाने बताए । माओवादीले गरेको १० वर्षे जनयुद्धले व्यवस्था बदले पनि केही वर्षदेखि नेताहरु माथिल्लो तहमा मात्रै केन्द्रित हुँदा गाउँ टोलबाट सम्पर्क टुट्दै गएको बताउँदै यस अवस्थामा खासै परिवर्तन नभएको गुनासो राखे ।

उनले यो अभियानले गाउँ-गाउ, टोलटोल,घर-घरमा पुगी गरिब, दुःखी, विपन्न, पिछडिएका, मजदुर वर्गका लागि सामाजिक क्रान्ति गरेर उनीहरुको अवस्थामा सकारात्मक परिवर्तन ल्याउने बताए । तीन महिने जनतासँग माओवादी विशेष रुपान्तरण अभियानको उद्घाटन भएको र कपिलवस्तु मात्र नभएर देशैभर माओवादीलाई जनतासँग पुनः एक पटक जोड्न आवश्यक रहेको जिकिर गरे । यस्तै कपिलवस्तु जिल्ला संयोजक बिष्णु बेल्बासे जनतासँगको सम्बन्ध सुदृढ र सुमधुर बनाउनका लागि जनतासँग माओवादी विशेष रुपान्तरण अभियान शुरु गरिएको बताए । उनले पछिल्लो समय जनतासँगको सम्बन्ध केही खस्किँदै गएको भन्दै रुपान्तरण अभियानले जनतासँगको सम्बन्ध जोड्ने बताए । बेल्बासेले सरकारले इतिहासले नै सम्झिने गरी कयौं साहसिक र जनपक्षीय कामहरु अगाडि बढाएको बताए । नक्कली भुटानी शरणार्थी, ललिता निवास र सुन तस्करी प्रकरणको कारबाहीले राज्य शक्तिको दुरुपयोगबाट भएका अपराध कर्मको पर्दाफास गरिएको र पार्टीको रुपान्तरण अभियानले पार्टीलाई सक्षम बनाउने बेल्बासेको विश्वास छ । तीन महिने जनतासँग माओवादी विशेष रुपान्तरण अभियानको उद्घाटन कार्यक्रममा वडाभित्र रहेका शहीद परिवार र एक वडामा एक ज्येष्ठ नागरिकहरुलाई दोसल्ला ओढाई सम्मान समेत गरिएको नगर समिति अध्यक्ष जावेद आलम खाँले बताए ।

# 'आजको युगको नेतृत्व तय गरिनेछ'

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १६ भदौ




रुकुम पश्चिमको बाँफिकोट गाउँपालिकामा नेकपा माओवादी केन्द्रको जनतासँग माओवादी विशेष रुपान्तरण अभियान शुरु भएको छ । गाउँपालिकाका १० वटा वडामा एकैसाथ अभियान शुरु भएको हो ।

नेकपा माओवादी केन्द्रका बाँफिकोट-४ का अभियानका इन्चार्ज प्रेमा शाहीले वडा नं-४ मा अभियानको उद्घाटन गरिन् । कार्यक्रममा बोल्दै शाहीले अभियानले आजको युगको नेतृत्व तयार पार्ने विश्वास माओवादी केन्द्रले लिएको बताइन् । साथै अभियानमा संगठन विस्तार, सदस्यता वितरण तथा नवीकरण, छलफल, बैठक, जनभेटघाटलगायतका गतिविधि सञ्चालन हुने इन्चार्ज शाहीको भनाइ छ ।

तीन महीनासम्म सञ्चालन हुने अभियानमा बाँफिकोट-४ का मतदातासँग प्रत्यक्ष संवाद गर्ने र केही सदस्यता बनाउने मुख्य उद्देश्य राखिएको छ । सो अवसरमा नेकपा माओवादी केन्द्रका नेता खिमप्रसाद पुरी, माओवादी केन्द्र वडा नम्बर ४ का अध्यक्ष शसिराम रिजाल लगायत सहभागिता रहेको थियो । कार्यक्रम नेपाली कांग्रेस परित्याग गरी ३ जनाले नेकपा माओवादी केन्द्रमा प्रवेश गरेका छन् । पार्टी प्रदेश गर्नेमा कांग्रेसका तुलि केसी, रामप्रसाद गिरी र जितभान परियार रहेका छन् ।

# ज्येष्ठ नागरिकलाई वृद्ध भत्ताले दिएको खुसी

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १६ भदौ



सुर्खेतको सिम्ता गाउँपालिका वडा नम्बर-२ स्थित दुर्पालामा एउटा सानो खरले छाएको झुपडी छ । धुवाँले रंगिएको कालो भित्ता भएको झुपडीको एक कुनामा बुढेसकालले छोएकी एक वृद्धा आमा बस्छिन् । उनको नाम हो बिजुली हमाल । हमाल अहिले घरमा एक्लै बस्छिन् । उनका श्रीमानको केही वर्ष अगाडि निधन भएको थियो । बेसहारा बनेकी उनी अहिले ७० वर्षकी भइन् ।

सरकारले उपलब्ध गराएको सामाजिक सुरक्षा भत्ता बापतको तीन महिनाको १२ हजार रकम उनले पहिलो पटक सिम्ता गाउँपालिकाको जामुने बजारमा गएर बुझेकी थिइन् । पहिलो पटक भत्ता बुझेपछि उनको खुसीको सीमा नै थिएन । पैसा लिएर उनी घर फर्किइन् । उनले आफूले पाएको भत्ताले एउटा मोबाइल र उनलाई आवश्यक परिरहने औषधिमा खर्च गरिन् ।

पछिल्लो पटक भने उनले गाउँबाटै भत्ता बुझिन् । गाउँमै भत्ता वितरणपछि उनी झनै खुसी लागेको बताउँछिन् । 'अहिले त राकम जानै परेन, घरमै ल्याएर पैसा दिए । सानोतिना खर्चका लागि कसैसँग पैसा माग्नुपर्दैन । बुढेसकाल लागेपछि बिरामी हुँदा ऋण खोज्नुपर्दैन,' हमालले सरकारले दिएको सुविधा प्रति खुसी हुँदै भनिन् । उपचार गर्दा होस् कि मिठो मसिनो खाँदा अरूको भर पर्नुपर्ने बाध्यता हटेको उनको भनाइ थियो । पैसा नहुँदा अरूसँग पैसा माग्न हात थाप्नुपर्ने बाध्यता हटेको भन्दै हमालले खुसी व्यक्त गरिन् । सरकारले वृद्ध अवस्थामा पुगेका आफू जस्तालाई सहयोग गरेकोमा उनले धन्यवाद दिइन् ।

यस्तै, सोही ठाउँकै अर्की एक ८० वर्षीय मनैकली थापा पनि वृद्धा भत्ता पाउँदा निकै खुसी लागेको बताउँछिन् । सरकारले दिएको पैसाले आफूहरूको राम्रोसँग जीविकोपार्जन भइरहेको उनको भनाइ छ । मनैकलीसँगै उनका श्रीमान महेन्द्र थापाले पनि सरकारले दिएको वृद्धभत्ता बुझ्ने गर्छन् । गाउँमा उनलाई 'माँझाघर' भनेर चिन्ने गर्छन् । मनैकली अहिले ८० वर्षकी भइन् । उनी ८० वर्षकी भए पनि उनको नागरिकता बनाउन ढिलो भएकाले उनले अहिलेसम्म दुई पटक मात्रै वृद्ध भत्ता पाएकी छन् । उनले शुरुमा गत वर्षको कात्तिकमा वृद्ध भत्ता बुझेकी थिइन् ।

भत्ताले जीवन जिउन सजिलो भएको उनको पनि भनाइ छ । उनको चाउरी परेको अनुहारमा भत्ताले असंख्या खुसी ल्याइदिएको छ। भत्ता बुझ्न जामुने बजार जाने गरेकी उनलाई स्थानीय सरकारले वृद्धभत्ता गाउँमै ल्याइदिन थालेपछि झनै सजिलो भएको छ ।

यस्तै जाजरकोटको शिवालय गाउँपालिका-५ थालारैकरकी आइती शाहीले पनि गत वर्षको माघमा १२ हजार भत्ता बुझिन् । २ वर्ष अगाडि सामाजिक सुरक्षा भत्ता पाउन शुरु गर्दा खुसीको सीमा नै नरहेको उनको भनाइ छ । उनले भनिन्, 'सरकारले हामीजस्ता वृद्धा तथा गरिब दुखी परिवारका लागि वृद्ध भत्ता दिएर ठुलो गुण लगाएको छ ।' उनीहरू मात्रै होइन, जिल्लामा रहेका अधिकांश ज्येष्ठ नागरिकहरू वृद्ध भत्तामा भएको वृद्धिले खुसी छन् । जीवनमा कोही नभए पनि सरकार रहेको भन्दै उनीहरू हर्षित भएका छन् ।

अहिले वृद्ध वृद्धाहरू परिवारका सदस्यहरूको आश मान्ने नभइ उल्टो परिवारका सदस्यहरूले नै सामाजिक सुरक्षा भत्ता बुझ्ने ज्येष्ठ नागरिकहरूको आशा मान्न थालेका छन् । विसं २०५१ मा नेकपा एमालेको अल्पमतको सरकार बनेपछि तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीको पालाबाट महिनाको १ सय रुपैयाँबाट शुरु भएको वृद्ध भत्ता केपी शर्मा ओलीको नेकपाको सरकारको पालाबाट प्रति महिना ४ हजार रुपैयाँ पुगेको छ ।

युवा अवस्थामा जस्तोसुकै श्रम गर्न सक्ने व्यक्तिहरू बुढेसकालमा शरीरमा जोस, जाँगर र फुर्तिलोपन हराउँदै जान्छ । शरीर शिथिल हुँदै गएपछि शारीरिक श्रम गर्न नसक्दा अरूहरूकै भरमा बाँच्नुपर्ने बाध्यता रहेकोमा अहिले सामाजिक सुरक्षा भत्ताले त्यो बाध्यता हटाइदिएको छ । फुर्तिलो शरीर वृद्ध अवस्थाका कारण बिस्तारै कमजोर बन्दै जाँदा सामाजिक सुरक्षा भत्ता नै उनीहरूको जीवन जिउने सहारा बनेको छ ।

मासिक चार हजार सामाजिक सुरक्षा भत्ताले उनीहरूलाई खाना बस्न र सामान्य लुगा र चाडबाड मान्ने सहज अवस्था ल्याइदिएको छ। भत्ताले उनीहरूको घरमा साँझ बिहान चुलोमा सहजरूपमा आगो बल्न थालेको छ । सामान्य जीवनयापन गर्नसमेत अप्ठ्यारोमा परेका ज्येष्ठ नागरिकहरूलाई वृद्ध भत्ताले नुन, तेल, चामल, दाल किन्न सहयोग पुगेको छ ।

# पुस्तकालयमा समुदायको आकर्षण

**ईश्वर विश्वकर्मा/मध्यान्ह**
चरिकोट, १६ भदौ



घट्दो पठन संस्कृति र बढ्दो आधुनिक प्रविधिको प्रयोगसँगै अधिकांश पुस्तकालयहरु सुनशान हुने गरेका छन् । तर दोलखा सदरमुकाम चरिकोटमा रहेको गौरीशंकर सामुदायिक पुस्तकालय भने अझै पनि भरिभराउ हुन्छ । २०७६ मा उत्कृष्ट पुस्तकालयको रूपमा सम्मान पाएको सो पुस्तकालयले बेलाबेलामा आयोजना गर्ने कार्यक्रमका कारण पनि निरन्तर पाठकहरु पाइरहेको हो ।

बालबालिका, महिला युवा तथा समुदायका सम्पूर्ण वर्गमा पढ्ने बानीको विकास, जीविकोपार्जनमा सुधार, महिला सशक्तीकरण, विपद् जोखिम न्यूनीकरण र अपांगता भएका व्यक्तिहरुको सशक्तीकरण गर्ने कार्यक्रम पुस्तकालयमार्फत हुने गरेका छन् । यी कार्यक्रमले पुस्तकालय र समुदायलाई जोड्ने पुलको काम गरिरहेको पुस्तकालयका अध्यक्ष कृष्ण बस्नेतले बताए । 'पुस्तकालयमार्फत विभिन्न संघसंस्थासँगको साझेदारीमा बेला बेलामा कार्यक्रम तथा तालिम आयोजना गरिन्छ । सो कारण पनि पुस्तकालय चर्चामा छ ।' उनले भने, 'सूचना, सञ्चार र प्रविधिको क्षेत्रमा आधुनिक विकास र प्रयोग भइरहेकोले पुस्तकालयलाई चुनौतीका बीच गुमनाम हुनबाट जोगाएका छौं ।'

पुस्तकालयप्रतिको आकर्षण र पुस्तक पढ्ने बानी बसाल्न अभिप्रेरित गर्न पुस्तकालयले तालिम तथा कार्यक्रमहरु सञ्चालन गर्ने गरेको उनले बताए । उनले प्रविधिको विकास र पढ्ने बानी कमीले पुस्तकालयमा पाठकको संख्या पहिलेको झैं नभएपनि दैनिक १५ देखि २० जनासम्म आउने गरेको जिकिर गरे ।

सुन्दर, शान्त, आकर्षक वातावरण र भौतिक संरचनाले सुविधासम्पन्न बहुप्रकोप प्रतिरोधी, अपाङ्गमैत्री भवनमा सञ्चालित सो पुस्तकालयमा पुस्तक अध्ययनसँगै कम्प्युटर शिक्षा, विपद् सम्बन्धी ज्ञान, सीप र मनोरञ्जन सेवा लिन आउने गरेका छन् । पुस्तकालयमा भर्खरै सिक्दै गरेका सिकारुदेखि अनुसन्धानकर्ता सम्म आउने गरेका पुस्तकालयका सचिव नवराज न्यौपानेले जानकारी दिए । पुस्तकालय नातिदेखि बाजेसम्मको सिकाइ र अध्ययनको थलो बन्न सफल भएको उनले उल्लेख गरे । 'पुस्तकालय पुस्तकको संग्रह मात्र हो भन्ने पुरानो धारणा रहेको छ । तर यो पुस्तकालयमा पुस्तकको संग्रह मात्र नभई बौद्धिक विकासका लागि आवश्यक पर्ने सम्पूर्ण सामाग्री र सुविधा रहेको छ,' उनले भने, 'यही विशेषताका कारण पुस्तकालयप्रति समुदायको आकर्षण कायमै छ ।'

भीमेश्वर नगरपालिका-४ जिलुका युबिन घतानीले शैक्षिक उपलब्धिसँगै आत्मसन्तुष्टि, सकारात्मक सोच र व्यवहारिक ज्ञान हासिल गर्नका लागि पुस्तकालय जाने गरेको बताए । विभिन्न कार्यक्रम गर्दा पुस्तकालयको सक्रियता देखिएको र समुदायको आकर्षण बढेको उनले बताए ।

अध्ययन सहित सचेतनात्मक, सीपमुलक र मनोरञ्जनात्मक सेवा प्राप्त हुने हुँदा पुस्तकालयको सबै कक्ष सबैको आकर्षण बन्ने गरेको छ । पुस्तकालयमा पुस्तक, आइसिटी, खेलकुद, वाद्यवादन, कम्प्युटर, विपद् सम्बन्धी जानकारी दिने कक्ष सहित आठ वटा कक्ष रहेको छ । ती कक्षहरुमा विभिन्न व्यक्तिले मन लागेको बेला प्रवेश गरी सुविधा लिने गरेका पुस्तकालयले जनाएको छ ।

चरिकोट बीच बजारस्थित २०६० सालमा स्थापना भएको उक्त पुस्तकालयको भवनमा २०७२ सालको भूकम्पले क्षति गरेपछि नयाँ भवनमा स्थानान्तरण भई सञ्चालित छ । पुस्तकालयले शैक्षिक, सामाजिक, आर्थिक र विपदका क्षेत्रमा महत्वपूर्ण योगदान दिइरहेको छ ।

# बरहथवा बजारमा बढ्यो यौन व्यवसाय



**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, १६ भदौ

सर्लाहीको बरहथवा बजारमा पछिल्लो समय यौन व्यवसाय बढ्दै गएको छ । स्थानीय होटल तथा रेस्टुरेन्टमा यौन व्यवसाय बढ्दै गएको स्थानीयवासी बताउँछन् । बरहथवा नगरपालिका-५ स्थित केही नाम चलेका होटलका अलावा अधिकांश रेस्टुरेन्ट तथा होटलमा यौन व्यवसाय निर्वाधरुपमा चलिरहे पनि रोकथाम तथा नियन्त्रणका लागि स्थानीय प्रहरी प्रशासनले ध्यान दिन नसकेको स्थानीयहरुको भनाइ छ ।

स्थानीय गणेश गुप्ताले बरहथवाका केही रेस्टुरेन्ट तथा होटेलमा यौन व्यवसाय चरम सीमामा पुगिसकेको बताए । ती होटलमा हुँदै आएको देह व्यापार रोक्न प्रहरीलाई पटक-पटक खबर गर्दासमेत प्रहरीले बेवास्ता गरेको उनको भनाइ छ । यौनजन्य क्रियाकलाप हुने होटेल तथा लजको वरपरका बासिन्दा झन आजित भएको स्थानीय पप्पु कुमार यादवले बताए । उनले भने, 'मेरो घरनजिकैको लजमा यौनजन्य क्रियाकलाप हुन्छ, लजमा यौनकर्मी महिलाको ग्राहक बनेर आउने केही पुरुष लज सम्झेर मेरै घरको ढोका ढक्ढकाउन थाल्छन् । ती लजमा हुँदै आएको देह व्यापार रोक्न प्रहरीलाई पटक-पटक खबर गर्दासमेत प्रहरीले बेवास्ता गरेको उनको भनाइ छ ।

प्रहरीले बेवास्ता गरेको भन्दै शुक्रबार स्थानीयहरुले सम्बन्धित वडा अध्यक्षलाई जानकारी गराएपछि वडा अध्यक्षसहित नगर प्रहरीको टोलीले बजारको त्रिमुर्ति गेस्ट हाउस एण्ड लज र मञ्जुश्री होटेल एण्ड लजबाट ३ जना महिलासहित ६ जनालाई पक्राउ गरेर इलाका प्रहरी कार्यालय बरहथवाको जिम्मा लगाएको थियो ।

इलाका प्रहरी कार्यालय बरहथवाका डिएसपी लिलाराज लामिछानेले पक्राउ परेका ६ जनामध्ये ३ जना महिलालाई सम्झाइबुझाइ छोडिदिएको र ३ जना पुरुषलाई इलाका प्रहरी कार्यालय बरहथवामै राखिएको बताए । जिल्ला प्रहरी कार्यालय सर्लाही प्रमुख एसपी नरेशराज सुवेदीले बरहथवा बजारमा देहव्यापार भइरहेकोबारे आफूलाई जानकारी नभएको बताए । उनले त्यस्तो गतिविधि जारी रहेको हो भने आफूले स्थानीय प्रहरीलाई तत्काल नियन्त्रणका लागि निर्देशन दिने बताए ।

# नेपाल तामाङ घेदुङ, प्रवास कार्यसमिति कतारको नेतृत्वमा स्याङ्तान

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १६ भदौ



तामाङ समुदायको एक मात्र साझा राष्ट्रिय संस्था नेपाल तामाङ घेदुङकको पहिलो प्रवास शाखा नेपाल तामाङ घेदुङ, प्रवास कार्यसमिति कतारको तेस्रो ऐतिहासिक अधिवेशन सम्पन्न भएको छ । संघीय अध्यक्ष मोहन गोले तामाङको प्रमुख आतिथ्यता तथा प्रवास कार्यसमितिका अध्यक्ष इन्द्र तामाङको सभापतित्वमा अधिवेशन सम्पन्न भएको हो ।

अधिवेशनबाट विकास स्याङ्तान तामाङको अध्यक्षतामा सहअध्यक्ष वाङ्ज्यु लामा, वरिष्ठ उपाध्यक्ष कुमारी बेली गोले तामाङ, उपाध्यक्षहरू क्रमशः सनक बमजन तामाङ, फुर्वा तामाङ र हिरे तामाङ, महिला उपाध्यक्ष बिन्दा कुमारी तामाङ, महासचिव भिमराज स्याङबा, उपमहासचिव कमला दोङ् तामाङ, सचिवद्वय विनय लामा र पूर्णमान तामाङ, कोषाध्यक्ष टीकाराम तामाङ र सहकोषाध्यक्ष रवीन्द्र स्याङ्बो रहेका छन् ।

त्यस्तै पदेन सदस्यहरुमा सुर्जे बहादुर तामाङ, राम पाखीन, रुद्रप्रसाद तामाङ, सिंग बहादुर (सिजन) तामाङ र सुमि घिसिङ तामाङ रहेका छन् । कार्यसमिति सदस्यहरुमा शर्मिला तामाङ, काले गोले (राजु) तामाङ, श्रीराम मोक्तान तामाङ, वीर बहादुर तामाङ, आईती (सम्झना) तामाङ, आलिक बम्जन तामाङ, वृद्धि बहादुर तामाङ, शुक्र तामाङ, पिपलाल तामाङ, शंकराम तामाङ, लाले गोले तामाङ, मृर्गालाल तामाङ र झन लक्ष्मी तामाङ रहेका छन् । निर्वाचित पदाधिकारीहरुलाई निर्वाचन समितिका संयोजक एक्का प्रसाद तामाङ (योगेन्द्र)ले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

संघीय कोषाध्यक्ष रूपबहादुर योञ्जनको विशेष आतिथ्यता रहेको अधिवेशनमा कतारमा स्थापित विभिन्न वैचारिक, सामुदायिक, साहित्यिक, प्रदेश र जिल्ला संस्थाका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा विभिन्न वक्ताहरूले शुभकामना मन्तव्य राख्दै तामाङ समुदायभित्र एकताको आवश्यकता रहेको औंल्याए । वक्ताहरूले आदिवासी जनजातिभित्र एकता पहिलो अपरिहार्यता रहेको बताए ।

आफ्नो शुभकामना मन्तव्यका क्रममा प्रमुख अतिथि गोलेले तामाङहरूको एकताका लागि आफू हदैसम्मको लचिलो बन्न तयार रहेको बताए । उनले टाउको जोडेर नभइ हृदय जोडेर एकता गर्नुपर्ने तामाङहरूको प्रमुख आवश्यकता भएको बताउँदै आफूले संघीय अध्यक्ष पद छोडेर एकता हुन्छ भने आफू त्यसका लागि पनी तयार रहेको बताए ।

अधिवेशनमार्फत एनआरएनए एनसीसी कतारका अध्यक्ष रमेश भट्ट, घेदुङ प्रवास कार्यसमिति कतारका प्रमुख सल्लाहकार एक्का प्रसाद तामाङ (योगेन्द्र) संरक्षक विनेश तामाङसहित कार्यक्रमका प्रमुख अतिथि र विशिष्ट अतिथि योञ्जनलाई सम्मान गरिएको थियो । त्यस्तै गत जनवरीमा सोनाम ल्होछार- २८५९ को अवसरमा 'ग्रेन गे दिम खरिदको लागि आर्थिक अभियान पूरा गरौं' भन्ने नारासहित आयोजित कार्यक्रम र कार्यसमितिले संकलन गरेको रकमबाट नेपाली रु ११ लाख रुपैयाँ केन्द्रीय अध्यक्षलाई हस्तान्तरण गरिएको थियो ।

महासचिव विकास लामाले सहजीकरण गरेको खुला सत्रको समापन गर्दै सभापति तामाङले कतारमा विभाजित तामाङहरूको एकताका लागि आफ्नो नेतृत्वको कार्यसमितिले केही प्रयास गरेपनि सार्थकता नपाएकोप्रति दुःख व्यक्त गरे । उनले अर्को पक्षबाट सकारात्मक वातावरण बनेमा नयाँ बनेको कार्यसमितिले एकता गर्न र त्यसका लागि आफूले हदैसम्मको सहयोग गर्न तयार रहेको बताए ।

वरिष्ठ उपाध्यक्ष वाङ्जु लामाले स्वागत गरेको अधिवेशनमा सङसेर्केम ताम्बा गीतद्वारा स्वागत गरिएको थियो । कार्यक्रम अवधिभर कलाकारहरूले सेलो जुहारीलगायतका विभिन्न सांगीतिक प्रस्तुति दिएका थिए ।

# स्थानीयले प्रदर्शन गरेपछि प्रहरीले समात्यो बच्चा अपहरणका आरोपित

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १६ भदौ



रौतहटमा बच्चा चोरी गर्नेलाई प्रहरीले नसमातेको भन्दै स्थानीयले प्रदर्शन गरेका छन् । रौतहटमा बच्चा अपहरण गर्नेलाई पक्राउ गर्न माग गर्दै टायर बालेर शनिबार स्थानीयहरुले प्रदर्शन गगरेका हुन् ।

माधवनारायण नगरपालिका-५ मिठुअवाका रामनरेश महतो सुढिले सोही ठाउँका एक नाबालिकलाई अपहरण गरेको भन्दै स्थानीयहरु आन्दोलित बनेका हुन् । स्थानीयहरुले सखुअवा चोकमा दुई घण्टा सडक अवरुद्ध गरेपछि प्रहरीले बच्चा अपहरणमा संलग्न रहेको आरोपमा दुई जनालाई पक्राउ गरेको छ ।

स्थानीय अवधेश महतोकी ८ वर्षीया छोरी खुशबु कुमारी महतोलाई सोही ठाउँका रामनरेश महतो र उनकै भाइ रंजित महतोले रक्षाबन्धनका दिन भदौ १४ गते बिहीबार अपहरण गरेको पीडित परिवारले बताएका छन् । त्यसपछि पीडित परिवारले आफ्नो बच्चालाई बन्धक बनाएको भन्दै रामनरेश महतो र रंजित महतोलाई पक्राउ गर्न इलाका प्रहरी कार्यालयमा जाहेरी दिएका थिए ।

प्रहरीमा निवेदन परेपछि तीन दिनपछि शनिबार बिहान मात्रै उक्त बालिका अपहरणमुक्त भएकी थिइन् । तत्पश्चात पीडित परिवारले दोषी महतोलाई पक्राउ गरी छानबिन गर्न प्रहरी चौकी सुकदेव चोकका सईलाई खबर गरेका थिए । तर प्रहरीले दोषीलाई पक्राउ गर्न आलटाल गरेपछि आक्रोशित स्थानीयहरूले शनिबार बिहानै ७ बजेदेखि ९ बजेसम्म सखुअवा चोकस्थित गौर चपुर सडकखण्डमा प्रदर्शन गर्दै सडक अवरुद्ध गरेका थिए ।

दोषी पक्राउ परेपछि स्थानीयहरूले आन्दोलन स्थगित गरी चक्काजाम खुलाएका थिए । पक्राउ परेकाहरू अहिले गरूडा प्रहरीको नियन्त्रणमा रहेको र घटनाबारे अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय गरूडाका डिएसपी ओमप्रकाश खनालले जानकारी दिए ।


## UAE मा वैदेशिक रोजगारको अवसर

**कम्पनी: M E S SECURITY SERVICES L.L.C.-BRANCH OF ABU DHABI I** शहर: UAE
पूर्व स्वीकृत मिति: २०७९/०३/२३ चलानी नं.: ६०१८२७४० LT. No.: 266794 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 75 | 25 | स. काममा दक्ष | 2000 | ७१,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी: BARARI NATURAL RESOURCES** शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०३/२८ चलानी नं.: ६०२०४५८३ LT. No.: 289202 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Forestry Worker | 150 | 0 | स. काममा दक्ष | 800 | २८,७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी: ALABAAD ALKHAMSAH SECURITY SERVICES** शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०४/२५ चलानी नं.: ६०२०५९७७ LT. No.: 290613 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 80 | 20 | स. काममा दक्ष | 1200 | ४३,१०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २० गते (6 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

FUTURE STAR MANPOWER PVT. LTD.
श्रम इजाजत नं.: ३९७/०६०/०६१
**फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.**
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोन: ०१-४३६०५७६, ४३५०७१९, ९८१०१०१८१०, ९८१३५९१६३२२
Email: futurestarmp397@gmail.com



## सम्पादकीय

# अभियोगको राजनीति

प्रमुख राजनीतिक दलहरू यतिबेला संगठन सुदृढीकरण अभियानमा देखिन्छन् । गएको वर्ष मंसिरमा जस्तो नतिजा ठूला दलहरूले पाए त्यसले पनि उनीहरूलाई संगठन सुदृढीकरण अभियान चलाउनु अनिवार्यजस्तै देखिन्थ्यो । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले फागुनबाटै अभियान थालेर नयाँ शक्तिहरूको दबाव बढेको सन्देश दिएको थियो । तर नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी लगायत शक्ति चाहिँ सत्ता निर्माणकै खेलमा व्यस्त रह्यो । जसकारण एमालेले पहिलो दुई महिने 'मिसन ग्रासरूट' अभियान सकेर अर्को एक वर्षे अभियानमा छ । एमालेको तुलनामा अलिक ढिलोगरी कांग्रेस र माओवादी केन्द्र पनि संगठन निर्माण अभियानमा जुटेको छ । शनिबार मात्रै माओवादी केन्द्रले तीन महिने विशेष अभियान शुरू गरेको छ । माओवादी आफ्नो अभियानलाई 'जनतासँग माओवादी' नाम दिइएको छ ।

तीन महिनासम्म चल्ने अभियानको उद्घाटन प्रधानमन्त्री एवम् अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले गरेका छन् । प्रमुख सत्तारूढ दल कांग्रेसले साउन दोस्रो साता नै एक वर्षे कार्यक्रम घोषणा गरेको छ । मुख्य दलहरूले यसरी चुनावी अभियानकै जस्तो आभास दिनेगरी प्रतिस्पर्धात्मक तरिकाले संगठन सुदृढीकरण अभियान चलाउनमा नयाँ दलहरूबाट सिर्जना भएको दबाव नै हो । गएको मंसिरको चुनावमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी जस्ता नयाँ शक्तिका साथै सधैं पुरानो दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले समेत अप्रत्यासित मत पाएको थियो । संसदको चौथो दल बनेको रास्वपाले त पार्टी गठनको सात महिनाभित्रै माओवादी केन्द्रकै बराबर समानुपातिक तर्फ मत पाएको थियो । अझ सत्तारूढ र एमालेको ठूलो गठबन्धनविरूद्ध यी दलहरूले पाएको प्रत्यक्षतर्फ जितेको सिट संख्या पनि कम आँक्न मिल्दैन ।

तर प्रमुख दलहरूले चलाइरहेको अभियानका क्रममा नेताहरूको अभिव्यक्ति र शैली भने परम्परागत देखिन्छ । लुम्बिनी प्रदेशको अभिवेशन उद्घाटन गर्न बुटवल पुगेका एमाले नेताहरूले शनिबार आफ्नो भाषण पूर्णतः सत्तारूढ नेताहरूका निम्ति खर्चिए । कतिपय पुष्टि नहुने आरोप लगाउन पार्टी अध्यक्ष केपी शर्मा ओली समेत पछाडि परेनन् । सरकारले गरिरहेको कामकार्बाहीलाई असफलसिद्ध गराउने प्रयासमा ओली मनमौजी बोलेका थिए । ओलीकै जस्तो आधारहिन अभिव्यक्ति सार्वजनिक गर्ने क्रममा कांग्रेस र माओवादीका नेताहरू पनि पछि देखिदैनन् । जबकी परम्परागत अभिव्यक्ति, शैली र अनुहारप्रति नै मतदातामा बिकर्षण देखिन्छ । अझ नेपाल जस्तो भूराजनीतिक संकटमा देखिन्छन्, त्यसका निम्ति पनि दलहरूले आफूमा सुधार ल्याउन आवश्यक छ । तर त्यस्तो नभएर अरूलाई अनेक अभियोग लगाएर आफूलाई तुलनात्मक सिद्ध गर्ने शैली नेतृत्वमा बदलिएको देखिदैन, जुन मुलुककै राजनीतिकका निम्ति खतरनाक छ ।

# विश्वले लिनुपर्ने चिन्ता

*आज विश्वको कुनै पनि भाग जमिन या समुद्र कुनै पनि हतियारहरूको विध्वंसबाट मुक्त र अछुतो छैन । युद्धै नभए पनि दुर्घटनाहरू हुन सक्दछन् र यस्ता परमाणु दुर्घटनाबाट मात्रै पनि अत्यन्तै ठूलो क्षति पुग्न सक्छ । त्यसमाथि अझ ठूला सैन्य महाशक्तिहरूका बीच आज परस्पर तनाव निरन्तर बढिरहेको छ ।*

अग्रलेख



● लोकनारायण सुबेदी

करिब डेढ वर्षदेखि चलिरहेको यूक्रेन युद्धको सन्दर्भ होस् या जलवायु परिवर्तनको संकटको विषय होस् यी विषयलाई सामान्यकृतरूपमा लिन हुँदैन । यस्ता विभिन्न ठूला संकटहरुलाई अझ बढ्न दिइनु हुन्न र आपसी सहयोगबाट उचित समयमा समाधान प्राप्त गरिने वातावरण बनाउनै पर्दछ । यूक्रेन युद्धकै कुरा गर्दा, यसलाई अमेरिका र रुसबीचको प्रत्यक्ष भिडन्तको दिशामा जान दिइनु हुन्न । हामीले अन्ततः के बिर्सनु हुँदैन भने विश्वमा झण्डै झण्डै १३ हजार परमाणु हतियारमध्येमा ९० प्रतिशत यी दुई देश अमेरिका र रुससँग छन् । अनि त्यसरी नै जलवायु परिवर्तनको संकटका बारेमा पनि विश्वका विभिन्न विशेषज्ञहरुले के भन्दै आएका छन् भने यसको पनि आफ्नो 'टिपिङ्ग प्वाइण्ट' (नाजुक बिन्दु) छ, त्यसको अतिक्रमण भयो भने त्यो संकट तीव्र गतिले बढेर मानव नियन्त्रणभन्दा बाहिर जाने गम्भीर खतरा उत्पन्न हुनसक्छ ।

आजको विश्व सामु यूवा पिँढी र आजका निर्दोष बाल बालिकाकाप्रति र समग्रमा भावी पिँढीप्रति अत्यन्तै ठूलो जिम्मेवारी छ । ती सबैका लागि एउटा सुरक्षित संसार छोडेर जानु अहिलेको पुस्ताको नेतृत्व हो । यसका लागि विश्व स्तरका सबै खतराहरुको समाधान गर्ने कुरालाई उच्च प्राथमिकता दिँदै अन्तर्राष्ट्रिय परस्पर सहयोगबाट काम गर्नु पर्दछ र निर्धारित सयभित्र कुनै एउटा महत्वपूर्ण सम्झौता गर्नु पर्दछ, अनि विश्वका साझा मुद्दा र विश्वको सुरक्षाका अहम् विषयमा आम सहमतिको निर्माण गर्नु पर्दछ । तर, सबैभन्दा गहिरो र गम्भीर चिन्ताको विषय, विश्व विभिन्न किसिमका विवाद र झगडामा फँसेको र छ यस दिशामा चिन्ता र महत्वपूर्ण प्रगति गर्न सकिरहेको छैन । महाविनाशका हतियारहरुकै कुरा मात्र गर्ने हो भने पनि आज विश्वमा झण्डै-झण्डै १३ हजार परमाणु हतियार विद्यमान छन् । तीमध्ये अधिकांशको विध्वंशक क्षमता ती परमाणु बमहरुको भन्दा अत्याधिक बढी छ । जसलाई १९४५ अगष्ट ६ र ९ मा हिरोशिमा र नागाशाकीमा अमेरिकाले खसालेको थियो । आज विश्वका नौ देशसँग परमाणु हतियार छन् । ती परमाणु हतियारहरु १४ देशमा तैनाथ राखिएका छन् । यसका अतिरिक्त विभिन्न सामुद्रिक जहाज र यानहरु हजारौं परमाणु हातहतियारबाट सुसज्जित भएर निरन्तर समुद्रहरुमा घुमिरहेका छन् ।

यस्तो स्थितिमा आज विश्वको कुनै पनि भाग जमिन या समुद्र ती कुनै पनि हतियारहरुको विध्वंसबाट मुक्त र अछुतो छैन । युद्धै नभए पनि दुर्घटनाहरु हुन सक्दछन् र यस्ता परमाणु दुर्घटनाबाट मात्रै पनि अत्यन्तै ठूलो क्षति पुग्न सक्छ । त्यसमाथि अझ ठूला सैन्य महाशक्तिहरुका बीच आज परस्पर तनाव निरन्तर बढिरहेको छ । विभिन्न विशेषज्ञहरुले चेतावनी पनि दिइसकेका छन् कि यस्ता तनावहरु लामो समयसम्म निरन्तर कायम रहे भने केवल सन्देह र एक अर्काको मनशायप्रति गलत पहिचान र प्रचारले पनि बिनासित्तिमा महाशक्तिहरुका बीच परमाणु युद्ध आरम्भ हुन सक्दछ । यसका अतिरिक्त रोबोट र आर्टिफिशियल इण्टेलीजेण्ट(एआई) हतियाहरुको खतरा पनि बढिरहेको छ । तिनले अगाडि गएर यस्तो पेचिलो र जटील स्थिति उत्पन्न गर्न सक्दछन्, जसको लागि आजको विश्व तयार छैन । अर्को अन्तरिक्षको सैनिकीकरणको खतरा पनि उत्तिकै कायम छ, जसबाट एकदमै नराम्रोसँग विश्व प्रभावित हुनसक्छ ।

अहिले जलवायु परिवर्तनलाई पनि विश्वको सबैभन्दा ठूलो पर्यावरण समस्या मानिएको छ । अनि यसका साथै यससँग अन्य यस्ता पर्यावरणीय समस्या पनि गाँसिएका छन् र तिनीसँग मिल्दाजुल्दा अन्य पर्यावरणीय समस्याहरु पनि छन् । ती सबैको एकीकृत र मिल्दोजुल्दो असर के छ



भने ती सबैले विश्वको जीवनदायिनी क्षमतालाई नराम्रोसँग संकटग्रस्त पार्न सक्दछन् । यो कुरा त भावी पिँढीमाथि धेरै ठूलो अन्याय हुन जान्छ । धेरै टाढाको कुरा नगरेर जो आजका निर्दोष बालबच्चा छन्, उनीहरुको जीवनकालमा नै यो धरतीको जीवनदायिनी क्षमता (क्यारिङ्ग क्यापासिटी) अत्यन्तै नराम्रोसँग प्रभावित हुनसक्ने कुरालाई ध्यानमा राखेर यस्तो गम्भीर स्थितिमा विश्वस्तरमा सबैभन्दा ठूलो जिम्मेवारी के हुन्छ, भने यस स्थितिलाई समयमै चिन्नु र सम्हालिनु पर्दछ ।

यससँग मिल्दोजुल्दो समस्याको रूपमा विश्वस्तरमा विभिन्न खतरनाक प्रविधिहरु पनि आइरहेका छन् । खाद्य तथा कृषि, स्वास्थ्य तथा सञ्चार जस्ता संवेदनशील र आधारभूत क्षेत्रमा पनि ती छन् । यी समस्याका बारेमा विभिन्न विज्ञ र ज्ञाता मानिनेहरुले गम्भीर चेतावनीहरु दिइरहेका छन् कि त्यस्ता प्रविधिहरुको तीव्र प्रसारभन्दा पहिला नै तिनको सुरक्षाको सुनिश्चिता गरिनुपर्ने पहिलो आवश्यकता छ । तर जहाँ धेरै ठूल्ठूला बहुराष्ट्रिय विश्वस्तरका कम्पनीहरुको स्वार्थ जोडिएको हुन्छ, त्यहाँ त्यस्ता ठूला विशेषज्ञहरुको चेतावनीलाई पनि पूरै उपेक्षा हुनसक्छ र भइरहेको पनि छ । तीमध्येका कतिपय प्रविधिहरुको उद्देश्य केवल मुनाफा कमाउनु र बढाउनु होइन बरु तिनमाथिको नियन्त्रण बढाउनु पनि रहेको छ । यस सन्दर्भमा विकासशील देशहरुका अनेक बिद्वान तथा नेता विशेषरूपले चिन्तित छन्, यदि कृषि र स्वास्थ्य जस्ता क्षेत्रहरुमा पनि बहुराष्ट्रिय कम्पनीहरु हाबी हुन थाले भने त विकासशील देशहरो अर्थव्यवस्था र आजीविका माथि अत्यन्तै ठूलो असर पर्नेछ । यति मात्रै होइन, पर्यावरण र स्वास्थ्यमा पनि अझ तीव्र प्रतिकूल असर थपिने छ ।

ध्यान दिनुपर्ने तीमध्येका विभिन्न विकासशील देशहरुले पहिला नै औपनिवेशिक शोषणको एक-दुई शताब्दीसम्म या त्यसभन्दा पनि बढी समय नराम्रोसँग झेलिसकेका छन् । त्यसबाट उनीहरुले बहुतै ठूलो क्षति व्यहोरेका छन् । त्यसले गर्दा एउटा ठूलो संघर्षपछि मात्रै उनीहरुले स्वतन्त्रता प्राप्त गर्न सकेका हुन् । विभिन्न कठिनाईहरुका बीच आफ्ना नागरिकहरुका लागि विभिन्न महत्वपूर्ण थोरै धेरै उपलब्धीहरु पनि हासिल गर्न सकेका या गरेका हुन् । तर अहिले तिनले बहुराष्ट्रिय कम्पनीहरुद्वारा प्रसारित नयाँ प्रबिधिहरु, सम्पन्नतम् देशहरुद्वारा प्रसारित नयाँ व्यापार तथा लगानी सम्झौताहरु र नियमहरुका कारणले गर्दा उनीहरुले नयाँ कठिनाई र चूनौतिहरुको सामना गर्नु परिरहेको छ । त्यसैले विकासशील र विकासोन्मुख देशहरुले बहुतै सावधानीपूर्वक निर्णय लिनुपर्ने स्थिति छ । जसले गर्दा उनीहरु कुनै अर्को नयाँ जालमा पर्नु नपरोस् र पर्दा त्यसबाट निस्कन कठिन होस् । ध्यान दिनुपर्ने कुरा के छ भने जहाँ पश्चिमा देशहरु यस सन्दर्भमा नयाँ-नयाँ चाल चलिरहेका छन्, त्यहाँ विश्व आर्थिक शक्तिको नयाँ केन्द्रकोरूपमा उदाएको चीन पनि आफ्नो तर्फबाट कतिपय आक्रामक नीतिहरु अबलम्बन गर्न थालिरहेको छ । यस स्थितिमा पश्चिमको शोषण व्यहोरेका देशहरुले त्यस्तै अर्को शोषणमा परिने पो हो कि भन्ने सन्देह पनि छँदैछ ।

यसबीच चीनले जसरी बहुध्रुवीय साझा विश्वको कुरालाई जोडदाररूपमा उठाइरहेको छ, त्यसमा विश्वको भविष्यप्रति आशावादी हुन सकिने स्थिति पनि सिर्जना हुँदै गएको छ । चीनसमेत रुस, भारत, ब्राजील र दक्षिण अफ्रिका जो ब्रिक्समा पनि आबद्ध छन् र अन्य देशहरुलाई पनि त्यसमा आकर्षित गरिरहेका छन्, उनीहरुले साझा पहल र प्रयासलाई अझ सघनरूपमा अघि बढाउनुपर्ने आवश्यकता टड्कारो देखिन्छ ।

यसका अतिरिक्त विश्वमा जुन बढ्दो विषमता छ र अर्बपतिहरुको संख्या र उनीहरुसँग आज यत्तिका ठूलो आर्थिक र राजनीतिक शक्ति सञ्चित छ जुन केही वर्ष पहिलासम्म सम्भव थिएन । तीमध्येका विभिन्न अर्बपतिहरुलाई सबैभन्दा धनी देशहरुका सरकारको समर्थन मिलिरहेको पनि देखिन्छ । त्यसले गर्दा ती सरकारहरुले खुलम् खुल्ला विकासशील देशमा नियन्त्रण नगरेर ती अर्बपतिहरुमार्फत गर्नसक्ने पनि देखिएको छ । आज त्यस्ता अर्बपतिहरुद्वारा सञ्चालित संस्थाहरुको दख्खल हस्तक्षेप स्वास्थ्य, कृषि, शिक्षा जस्ता क्षेत्रमा विश्व स्तरमा बढ्दै गएको पनि देखिएको छ । यसरी तिनले विश्व नीतिमै परिवर्तन ल्याउन सक्ने स्थिति बन्न सक्ने पनि देखिँदैछ ।

यस्तो प्रकारको विषम अवस्थामा के एकदमै आवश्यकता बन्न गयो भने स्वाधिनता, न्याय, समानता, शान्ति सुव्यवस्था, पर्यावरण तथा जैविक विविधताको रक्षासँग इमानदारी र निष्ठापूर्वक आबद्ध सबै मानिस र संगठनहरुले आ-आफ्ना प्रतिबद्धताहरु र सक्रियतालाई अझ बढाउन, एकताबद्ध र सुदृढ तुल्याउन बिलम्ब भइसकेको छ । त्यसरी मात्रै उनीहरुका सामुमा खडा भएका कठिनाई र चूनौतिहरुको ठिकसँग उनीहरुले सामना गर्न सक्नेछन् । अनि विश्वलाई एउटा सुरक्षित भविष्यतर्फ सही किसिमले डोऱ्याउन सक्नेछन् । अनि यूवा र बालबालिकहरुलाई एउटा राम्रो सुनिश्चित संसार दिन सक्दछन् । यसैका निम्ति आज संसारका वर्गीय शोषण र सामाजिक उत्पीडनमा परेका सम्पूर्ण श्रमजीवी वर्ग र आम जनसमुदाय एकाकार भएर अग्रसर हुनुको कुनै विकल्प छैन । आजको विश्व आवश्यकता नै यही हो ।

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

प्रधानमन्त्रीको पार्टी र मोर्चाले भ्रष्टाचारविरुद्ध जनता सडकमा उतार्ने रे ! दिवालियापनको पनि हद हुन्छ नि । आफ्नाविरुद्ध आफैं आन्दोलन गर्ने हो ? लडाकु शिविर मुद्दाको छानबिन गराएर आफै जेल बसे भैगो त ? महरा टेप प्रकरणको छानबिन गराएर जेलको साथी बनाए भयो । बकबास चाहिँ कति गर्नपर्ने ?



**- सुर्यराज आचार्य**

नेपालले एमसीसी सम्झौता जस्ताको तस्तै पास गरेन भने अरबका देशले नेपाली श्रमिकलाई फिर्ता पठाइ दिन्छ भन्ने एक जना अन्तराष्ट्रिय सम्बन्धका 'वरिष्ठ विज्ञ' सार्वजनिक बहसमा अझै सक्रिय छन् । साउदी अरब र युएईले ब्रिक्स जोईन गरेको खबरपछि उनको भनाई के छ, कुन्नि ? आधारभूत ज्ञान बिनाका कपटी तर्क !



**- कृष्ण घिमिरे**

प्रचण्डको इण्डिया भ्रमणले माखो मरेन । सीमा समस्या, हवाई रुट, बिजुलीको व्यापार कतै कुनै पहल नै छैन । उल्टै समस्या उठाए अप्ठेरो पर्छ भन्ने धारणाले ग्रस्त । दलमा एमसिसिको बिरोध छ, भित्र अमेरिकाको चाकडी, जनखपतको लागि सडक तताउने कुरा ! चीनले चुच्चे नक्सा मानेन, सरकार देख्दैन ! कूटिल नीति !



**- उत्तम बाबु श्रेष्ठ**

गुणस्तरिय शिक्षा, रोजगारीको अवसर त सिर्जना भएन, त्यो हुनेबाला छैन् । तर घन्च्यो मन्च्यो सहेर जीवनभर दुःखजेलो गरेर कमाएर बचत गरेको सम्पत्ति त नपाउने, किनेको जग्गा आफ्नो नहुने यस्तो देशमा किन भविष्य देख्छन् मान्छेहरू ? मुठ्ठीभरका लागि मात्रै हो यो देश स्वर्ग ।

# झुटको खेती

टिप्पणी



● मेघराज भट्टराई

*अहिले देशको अवस्था अत्यन्त नाजुक छ । हामी एकपछि अर्को गर्दै परनिर्भरताको खाडलमा भासिँदै छौं । हाम्रो आफ्नो उत्पादनबाट चार महिना धानिने अवस्था छैन । मुलुकको अर्थतन्त्रको संरचनालाई अध्ययन गऱ्यौं भने निकै दया लाग्ने अवस्था छ । तर यसको समाधान नेतृत्वमा बस्नेले सोचेको देखिन्न । उल्टो, समाजवाद र आत्मनिर्भरताको आधारहिन भाषण गरिरहेको देखिन्छ ।*

हालै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले एक सार्वजनिक मन्त्व्यमा 'नेपालमा समाजवादको भविष्य सुनौलो छ, हाम्रो जित सुनिस्चित छ' भनेका छन् । प्रधानमन्त्रीले अब वर्षाको मौसमपछि लाखौं जनता सडकमा उतार्ने घोषणा पनि गरेका छन् । कम्युनिष्ट नीति र सिद्धान्तको समाजवाद लागु गर्ने घोषणासहितको समाजवादी मोर्चा पनि बनाएका छन् । सो मोर्चमा उनले आफ्नो पार्टी माओवादी केन्द्रसहित उपेन्द्र यादव, माधव कुमार नेपाल, विप्लवको पार्टीलाई पनि समावेश गरेका छन् । तर, कम्युनिष्ट र समाजवादको वकालत गर्ने उनले एमसीसी जस्तो राष्ट्रघाती सम्झौतामा हस्ताक्षर मात्रै गरेनन्, उनकै कार्यकालमा उक्त सम्झौता कार्यान्वयनमा गएको छ ।

अहिले देशको अवस्था अत्यन्त नाजुक छ । हामी एकपछि अर्को गर्दै परनिर्भरताको खाडलमा भासिँदै छौं । हाम्रो आफ्नो उत्पादनबाट चार महिना धानिने अवस्था छैन । मुलुकको अर्थतन्त्रको संरचनालाई अध्ययन गऱ्यौं भने निकै दया लाग्ने अवस्था छ । साधारण व्यापारी सहकारी हुँदै बैंक संचालन भएर मुलुकै नीति नियम बनाउने अवस्थामा पुगेको छ । कालोबजारी गर्दै माथि उठेको उसले दिने नीतिले मुलुकमा कसरी आउला समाजवाद ? दैनिक उपभोग्य सामानदेखि अन्य आवश्यकीय सामाग्रीहरु सबै बाहिरबाट आयात गर्नुपर्ने अवस्था छ । अरु त कुरा छोडौ रोल्पा रुकुमजस्ता दुर्गम जिल्लामा सम्म त्यहाँको रैथाने उत्पादन मासिएको छ । देशभित्र जातिय विभेदले चरम रुप लिएको छ, धार्मिक अवस्था अत्यन्त नाजुक मोडमा पुगेको छ । शिक्षा पूरा काम नलाग्ने अवस्थामा पुगेको छ, निजी स्कुलमा बम हान्ने, जनवादी शिक्षाको नारा लगाउनेहरु नै आज ठूला निजी कलेज सञ्चालक भएका छन् । समग्रमा राज्यसंरचना माफियाको चङ्गुलमा फसेको छ ।

आज यो देशका जमिन किसानसँग छैन । मजदुरका कुनै अधिकार छैनन् । राष्ट्रिय पुँजीपति मर्ने अवस्थामा छन् । यस्तो अवस्थामा कसरी ल्याउने हो समाजवाद ? कुरा गर्दा क्रान्तिकारी देखिने गर्ने अनि काम चाहीँ जातिय, धार्मिक द्वन्द्वको बाटोमा हिँडाउने ? अब हामीले समाजवादी मानिदिनु पर्ने हो ? देशलाई साम्राज्यवादीको रणमैदान बनाएर समाजवाद आउने हो ? न शिक्षा हाम्रो हातमा छ, न स्वास्थ्य हाम्रो हातमा छ, न त अर्थतन्त्र हाम्रो हातमा छ । के अब नेपालमा समाजवाद अमेरिकाले ल्याईदिने हो ? देश नवउपनिवेश तिर हिँडाएर समाजवाद आएको कुन देश छ, विश्वमा ।

प्रचण्डले वर्षापछि सडकमा जनता उतार्ने कुरा गरेका छन् । त्यसो उद्देश्य के होला ? स्वयम् देशको कार्यकारी प्रमुख भइ बस्ने, कार्यकारी प्रमुख हुँदा काम गर्न नसक्ने, अनि जनता उतारेर के काम गर्ने ? आज देशमा युवा पुस्ता १२ पास गरेपछि नेपालमा बस्न नचाहेको देखियो । हरेक कुराको परिणाम आउन समय लाग्छ । देशबाट नागरिक पलायन गराउने हामी होइनौ र ? हामीले देशमा भविस्य उज्वल देखिने काम कुन गऱ्यौं ? गणतन्त्र प्राप्तिपछिको अवस्थामा कुन नयाँ उद्योग थपियो ? कति मजदुरले रोजगारी पाए ? कुन किसानले राहत पाए ? के हाम्रो बजारको शैली परिवर्तन भएको छ ?

पढ्दै गरेका विद्यार्थीमा ठूलो अन्योलता छ । उनीहरुलाई पढाईमा भन्दा बढी भोलिको भविष्यप्रति चिन्ता छ । १२ पास गरेपछि कुन देश जाने भन्ने तयारी सुरु हुन्छ । विद्यार्थीको अहिलेको चिन्ता नै कुन देशमा गएर पढ्ने अनि काम गर्ने भन्ने छ । मुलुकका कलेजहरुमा विद्यार्थी खडेरी छाउन थालेको छ । अनि यसरी नै आउँछ समाजवाद ? समाजवादको सपना बाँढ्न छोडौं, अब विदेशी भाषा अरबी, जापानी, कोरियन, अंग्रेजी, फ्रेन्चलगायतलाई नै पाठ्यक्रममा समावेश गरौं । विद्यार्थीलाई सहज विदेश जाने वातावरण बनाऔं । समाजवादको सपना ज्यादै भयो, अब कि झुटा कुरा नगरौं, कि जे हो त्यहि बोलौं ।

## तपाईंको राशिफल

- मेष : शिक्षा सम्बन्धी कार्यमा रुकावट आउनेछ । अनावश्यक खर्चको योग छ ।
- वृष : स्वास्थ्य लाभ तथा पराक्रममा वृद्धिको योग छ ।
- मिथुन : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । व्यापारिक कार्यहरुमा राम्रो लाभ हुनेछ ।
- कर्कट : आहारमा ध्यान दिनुहोला । स्वास्थ्यसम्बन्धी समस्याको योग छ ।
- सिंह : व्यापारिक कार्यमा प्रगति हुनेछ । स्वास्थ्य लाभ हुनेछ ।
- कन्या : राजकीय कार्यहरुमा वृद्धि हुनेछ । अचल सम्पत्तिमा वृद्धिको योग छ ।
- तुला : शैक्षिक कार्यमा प्रगति र श्रीमतीको राम्रो सहयोग पाइनेछ ।
- वृश्चिक : अनावश्यक खर्चको योग छ । आहारमा ध्यान दिनुहोला ।
- धनु : काम गर्दा गर्दै अचानक रिस उठ्न सक्छ । पारिवारिक खुशी प्राप्त हुनेछ ।
- मकर : आयमा वृद्धि हुनेछ । राजनैतिक कार्यमा रुकावट आउनेछ ।
- कुम्भ : पारिवारिक कार्य सफल हुनेछ । उन्नतिको मार्ग प्रशस्त हुनेछन् ।
- मीन : व्यर्थको यात्रा र परेशानी हुन्छ । साहसी कार्य सफल हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# भारतले सूर्यको अध्ययन गर्न पठायो आदित्य एल–१



**काठमाडौं/एजेन्सी-** भारतले सूर्यको अनुसन्धान गर्ने पहिलो अन्तरिक्ष अभियान आदित्य एल-१ प्रक्षेपण गरेको छ । चन्द्रयान-३ चन्द्रमाको दक्षिणी ध्रुवमा सफल अवतरण गरेको एक सातापछि भारतले सूर्यको अध्ययन गर्ने अभियान शुरु गरेको हो । यो सूर्यको लागि भारतको पहिलो मिसन हो र यसमार्फत अन्तरिक्षमा एक वेधशाला स्थापना गरिनेछ, जसले पृथ्वीको सबैभन्दा नजिकको यो तारालाई निगरानी गर्नेछ र सौर्य वायु जस्ता अन्तरिक्ष मौसमका विशेषताहरु अध्ययन गर्नेछ ।

यद्यपि यो सूर्यको अध्ययन गर्ने पहिलो मिसन होइन । यसअघि नासा र युरोपेली अन्तरिक्ष एजेन्सी (ईएसए)ले पनि सोही उद्देश्यका लागि सूर्य मिसन पठाइसकेका छन् । चेन्नाईबाट १०० किलोमिटर उत्तरमा पर्ने उक्त स्थलबाट भारतीय समय अनुसार शनिवार बिहान ११ बजेर ५० मिनेट जाँदा उक्त रकेट प्रक्षेपण गरिएको छ ।

यस मिसनले अन्तरिक्षको मौसम केले सञ्चालन गर्छ भन्नेबारे समेत अध्ययन गर्नेछ । सौर्य आँधीको प्रक्रियाकाबारे समेत थप धेरै बुझ्ने प्रयास गर्नेछ, जो पृथ्वीको उत्तरी र दक्षिणी ध्रुवीय क्षेत्रमा देखिने नोर्दर्न र सदर्न लाइट्स भनिने रंगीविरंगी उज्याला प्रकाशका दृश्यका साथै इलेक्ट्रोम्याग्नेटिक अवरोधका निम्ति समेत जिम्मेवार हुन्छन् ।

भारतीय अन्तरिक्ष निकाय इसरोले अन्तरिक्ष यान रकेटबाट छुट्टिएर आफ्नो लामो यात्रा शुरु गरिसकेको जनाएको छ । सूर्य मिसन भएता पनि यस अन्तरिक्ष यान सूर्यको नजिकै भने जानेछैन । आदित्य एल-१ पुग्नु पर्ने दूरी पृथ्वीबाट १५ लाख किलोमिटर छ जुन पृथ्वी र चन्द्रमा बीचको दूरीको चार गुणा हो ।

तर त्यो सूर्य र पृथ्वी बीचको दूरीको झण्डै एक प्रतिशत मात्र हो । भारतीय अन्तरिक्ष निकाय इसरोले उक्त दूरी तय गर्नका लागि चार महिना लाग्ने जनाएको छ । पृथ्वीदेखि सूर्यको दूरी १५ करोड १० लाख किलोमिटर छ ।

## जोहानेसवर्ग आगलागी
# १२ बालबालिकासहित ७६ जना जले



**काठमाडौं/एजेन्सी-** दक्षिण अफ्रिकाको जोहानेसवर्गको मध्यभागमा अवस्थित पाँच तले एक भवनमा आगो लाग्दा ७५ जना भन्दा बढीको जलेर ज्यान गएको छ भने अन्य ८८ जना घाइते भएका छन् । शुक्रबार दुई जना घाइतेको उपचारका क्रममा अस्पतालमा मृत्यु भएसँगै ज्यान गुमाउनेको संख्या ७६ पुगेको हो ।

स्वास्थ्यमन्त्री जो पहालाका अनुसार ६२ जनाको शरीर पहिचान गर्न नसकिने गरी जलेकाले डिएनए परीक्षणका निम्ति सम्बद्ध निकायलाई निर्देशन दिइएको पत्रकारहरुलाई बताएका छन् ।

स्थानीय सञ्चारमाध्यमका अनुसार २० जना विदेशी नागरिकको पनि मृत्यु भएको छ । कामको खोजीमा दक्षिणअफ्रिका आएका मलावी र ताञ्जानियाका आप्रवासीको मृत्यु भएको जनाइएको छ । प्रिटोरियास्थित ताञ्जानियाको उच्चायुक्तको कार्यालयले आफ्नो देशका पाँच जनाको जलेर ज्यान गएको पुष्टि गरेको छ ।

केही वर्षअघिसम्म शहरको प्रमुख आर्थिक एवम् व्यापारिक केन्द्रमा रहेको उक्त भवनमा घरबारविहीन स्थानीय जबरजस्ती बसेका बताइएको छ । सरकारी स्वामित्वको उक्त भवनमा समस्या भएको सन् २०१९ देखि आफूहरुलाई जानकारी रहेको सरकारी अधिकारीहरुले स्वीकार गरेका छन् । घरबारविहीन व्यक्ति कुनै औपचारिक भाडा सम्झौता बिना नै उक्त भवनमा बसेका थिए ।

दक्षिण अफ्रिकाको संसद्ले घटनाको अनुसन्धान गर्न निर्देशन दिएको छ । प्रहरीले पनि आपराधिक मुद्दा दर्ताको तयारी गरेको छ । यद्यपि कुन निकायलाई विपक्षी बनाइयो भन्नेबारेमा स्पष्ट भएको छैन ।

बिहीबार घटनास्थलको भ्रमण गर्नुभएका दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसाले उक्त दुर्घटना आंशिक रुपमा भवन कब्जा गर्ने र घरबारविहीनलाई त्यहाँ बस्न अनुमति दिने आपराधिक तत्वका कारण भएको बताएका छन् । उनले महानगरको आवास समस्यालाई सम्बोधन गर्नुपर्नेमा जोड दिँदै राष्ट्रिय एवम् स्थानीय सरकारलाई संवदेनशील हुन आग्रह गरेका छन् ।

जोहानेसबर्गको आवास संकट समाधान गर्न सरकार गम्भीर नभएको आरोप लगाउँदै जोहानेसबर्गका पूर्वप्रमुख हर्मन मशाबाले राष्ट्रपति रामाफोसाको आलोचना गरेका छन् । राष्ट्रपतिले यो घटनालाई दुखदायी भनेरमात्र नपुग्ने भन्दै २५ वर्षदेखि शहरले भोगेको समस्यालाई रातारात सृजना भएझै प्रस्तुत हुनु आपत्तिजनक भएको उनले बताएका छन् ।

दक्षिण अफ्रिकामा घरवारविहीनहरु विविध कारणले बिग्रेभत्केका तथा राज्यले परित्याग गरेका भवनमा बलपूर्वक बस्ने गरेका छन् । त्यस्ता घर 'कब्जा गरिएका भवन'का रुपमा चिनिन्छन् ।

# रुसी राजदूतलाई नोबेल फाउण्डेसनले निमन्त्रणा नगर्ने



**काठमाडौं/एजेन्सी-** नोबेल फाउण्डेसनले यस वर्षको नोबेल पुरस्कार समारोहमा रुस र बेलारुसका राजदूतलाई आमन्त्रण गर्ने आफ्नो निर्णय फिर्ता लिएको छ । सन् २०२२ मा, स्टकहोममा वार्षिक नोबेल पुरस्कार समारोह र भोजको आयोजना गर्ने नोबेल फाउण्डेसनले युक्रेनमा युद्धको कारण स्टकहोम पुरस्कार कार्यक्रममा रुसी र बेलारुसी राजदूतहरुलाई निमन्त्रणा नगर्ने निर्णय गरेको थियो ।

यद्यपि स्वीडेनको फाउण्डेसनले स्वीडेनमा प्रतिनिधित्व गर्ने सबै देशका राजदूतहरुलाई आमन्त्रण गर्ने आफ्नो पुरानो अभ्यासमा फर्कन लागेको बिहीबार बताएको थियो । फाउण्डेसनले शनिबार भनेको छ, 'नोबेल पुरस्कारका मूल्य र सन्देशका साथ सकेसम्म व्यापक रुपमा पुग्नु महत्वपूर्ण र सही हो भन्ने मान्यतामा आधारित भएर यो निर्णय गरिएको हो ।'

रुसी अधिकारीलाई कार्यक्रममा आमन्त्रित गर्ने निर्णयले विश्वव्यापी आक्रोश सिर्जना गरेको भन्दै फाउण्डेसनले रुसलाई बोलाउने आफ्नो निर्णयलाई सच्याएको हो । फाउण्डेसनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'त्यसैले हामी गत वर्षको अपवादलाई नियमित अभ्यासका लागि दोहोऱ्याउन चाहन्छौं अर्थात् स्टकहोममा हुने नोबेल पुरस्कार समारोहमा रुस र बेलारुसका राजदूतलाई आमन्त्रण गर्ने आफ्नो निर्णय रद्द गरेका छौं ।'

युक्रेनी विदेश मन्त्रालयका प्रवक्ता ओलेग निकोलेन्कोले फेसबुकमा लेखेका छन्, 'फाउण्डेसनले रुस र बेलारुसलाई एक्ल्याउने प्रयासलाई समर्थन गर्नुपर्छ किनभने लाखौं युक्रेनीहरु बिना उक्साहट युद्धबाट पीडित छन् र रुसी शासनलाई उसको अपराधका लागि दण्डित गरिएको छैन ।'

स्वीडेनका प्रधानमन्त्री उल्फ क्रिस्टरसनले पनि फाउण्डेसनको निर्णयप्रति आफू असहमत रहेको बताएका छन् । एएफपीसँगको एक लिखित पत्रमा उनले भनेका छन्, 'यदि मैले पुरस्कार समारोहमा निमन्त्रणा पाएको भए मैले त्यसो गर्ने थिइनँ र मैले बुझेको छु कि यसले स्वीडेन र युक्रेन दुवैका धेरै मानिसहरुलाई दुखी बनाएको छ ।'

# जेलमा रहेका खानलाई वकिलसँग भेट्न दिइएन



**काठमाडौं/एजेन्सी-** पाकिस्तान तहरीक-ए-इन्साफ (पिटिआई) का प्रमुख इमरान खानका वकिलहरुलाई प्रहरीले उनलाई अट्टक जेलमा भेट्न अनुमति नदिएको एआरवाई न्यूजले जनाएको छ । पिटिआईका अनुसार वकिल शीराज अहमद रान्झा र गोहर अलीलाई प्रहरीले नेता खानलाई भेट्नबाट रोकेको हो ।

कानून व्यवसायी गोहर अलीले पत्रकारहरुलाई जानकारी दिएअनुसार अदालतको आदेशको बाबजुद पूर्वप्रधानमन्त्रीसँग भेट गर्न नदिइएको हो । अदालतले नेता खान र उनका छोराहरुबीच टेलिफोनमा कुराकानी गर्न दिएको अनुमतिको पनि जेलका अधिकारीहरुले अवज्ञा गरेका उनले बताएका छन् ।

इस्लामावाद उच्च अदालतले मंगलबार नेता खानलाई धरौटीमा रिहा गर्न आदेश दिएको थियो । तर गोप्य सरकारी दस्तावेज सार्वजनिक गरेको अभियोगमा उनलाई जेलबाट मुक्त गर्नुअगावै न्यायिक हिरासतमा राख्न विशेष अदालतले आदेश दिएको थियो ।

पाकिस्तानका सबैभन्दा लोकप्रिय राजनीति नेता खान गत वर्ष सत्ताबाट हटेदेखि धेरै कानुनी झमेलामा फसेका छन् । उनीविरुद्ध दुई सय वटा मुद्दा लगाइएका छन् । नेता खानले आफूलाई आगामी चुनाव लड्नबाट रोक्न गरिएको षडयन्त्रअनुरुप ती मुद्दा लगाइएको दाबी गरेका छन् ।

औपनिवेशिक युगको गोप्य कानूनअन्तर्गत नेता खानलाई दुई हप्ता थुन्न विशेष अदालतले आदेश दिएको थियो । सैन्य मुद्दा चलाउन प्रयोग हुने कानुन उनीविरुद्ध लगाइएको सफदरले बताए । भ्रष्टाचारको आरोपमा खानमाथि गरिएको तीन वर्षको जेल सजाय मंगलबार नै उल्ट्याइएको थियो ।


## पेन्सनपट्टा हराइएको सूचना

मिति २०८०/०३/१० गते सिन्धुपाल्चोक जिल्ला सुनकोशी गाउँपालिका-६, टिमुरेबाट खाडिचौरसम्म जादै गर्दा नेपाल विद्युत प्राधिकरणबाट जारी भएको मेरो निम्न व्यहोरा भएको पेन्सनपट्टा हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी तथा कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध छ ।

**नाम** : **नानीकाजी थापा**
**ठेगाना** : **सुनकोशी गाउँपालिका-६ थुम्पाखर, टिमुरे**
**सम्पर्क** : **९८५१२२४९९७ । ९८५१२०१०५२**
**पेन्सन पट्टा नम्बर** : **५६००**



**दावी विरोध सम्बन्धी**
**बैदेशिक रोजगार विभाग काठमाडौंको**
## सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८०/०५/१७ गते

यस विभागबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **टाईम्स म्यानेजमेन्ट सिस्टम प्रा.लि.** (इ.प्र.नं.९४४/०६७/०६८) को काठमाडौं जिल्ला टोखा.न.पा. वडा नं. ०९ मा रहेको कार्यालयको साविकको ठेगाना परिवर्तन गरी काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ०३ कायम गर्न माग भई आएकोले उक्त प्रा. लि. को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।



## मलेसिया र साउदीमा रोजगार

कम्पनी: YENG YING ENTERPRISE SDN BHD — शहर: PUCHONG
पुर्व स्वीकृत मितिः २०८०/०५/११ — चलानी नं.:६०२०६३९९ — LT. No.:291748

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Workers | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: MPC PLUMBING CONSTRUCTION SDN BHD — शहर: JOHOR
पुर्व स्वीकृत मितिः २०८०/०५/०१ — चलानी नं.:६०२०६५१८ — LT. No.:291139 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Workers | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: REHAB HOTEL HOSPITALITY COMPANY — शहर: RIYADH
पुर्व स्वीकृत मितिः २०८०/०४/३० — चलानी नं.:६०२०६२१५ — LT. No.:291006 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Housekeeping Agent | 1 | 0 | स. काममा दक्ष | 1400 | ४९,३२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २४ गते (10 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 1048/073/74
**C.D. Human Resources Pvt. Ltd.**
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
Mob.: 9851010834, 9741826447 | Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile :9851010834,9880715268



## कतारमा रोजगार

कम्पनी: MOHAMED INTERNATIONAL GROUP WLL — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७९/०६/०५ — चलानी नं.: ६०१८८०४० — LT. No.:272307 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 52 | 30 | स. काममा दक्ष | 1000 | ३६,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता हुने मिति र स्थान**
**अन्तार्वार्ता मेनपावर कार्यालयमा मिति २०८० भदौ २४, २५ र २६ गते (10, 11 & 12 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

AAROHI HR Solutions Pvt. Ltd.
Govt. Lic. No. 1244/074/075
URS is a member of registrar of standards (holdings) Ltd.
ISO 9001:2015 Certified
**आरोही एच.आर. सोलुसन्स् प्रा.लि.**
Kathmandu Metropolitan- 3, Basundhara Kathmandu Nepal
www.aarohihrsolutions.com | info@aarohihrsolutions.com
01- 4961807, 4962925 | 9802067941, 9801081902, 9801081905.



## SAUDI मा रोजगार

कम्पनी: Nora Suleiman bin Mohammed Al-Tuwairish laundries for car services — शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०५/१५ — चलानी नं.: ६०२०७०६७ — L.T. No.: 291876

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 1 | 0 | स. काममा दक्ष | 1500 | ५२,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २४ गते (10 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

Govt. Lic No. 415/060/61
**Mashareq International Overseas (P) Ltd.**
सिनामंगल-९, काठमाडौ, नेपाल, फोन: ०१- ४४९९७६३, ४४७८३३५



## MALAYSIA मा वैदेशिक रोजगारको अवसर

कम्पनी: BUKIT RAMBAI FAMILY STORE SDN BHD — शहर: Malaysia,Melakka
पूर्व स्वीकृत मितिः २०८०/०५/१६ — चलानी नं.: ६०२०७०८२ — LT. No.: 291901

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Rack Filler | 8 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २४ गते (10 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**BLUE OCEAN RECRUITMENT PVT. LTD.**
श्रम इजाजत नं. ११६३/०७३/०७४
NEW BANESHWOR, KATHMANDU, TEL: 4476215, 4491772 |
| Email: info@blueoceanmanpower.com,
recruitmentocean111@gmail.com | Web : blueoceanmanpower.com



## मलेसियामा रोजगार

१. कम्पनी: JF VENEER & PLYWOOD SDN.BHD. — शहर: PAHANG
पूर्व स्वीकृत मितिः २०७९/०५/२१ — चलानी नं.: ६०१८७०८१ — LT. No.:271086 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०८० भदौ २४ गते (10 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

**लक्की ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. १३८/०५५/०५६
धोबिघाट-३, रिङ्गरोड, ललितपुर, नेपाल, फोन: ०१-५१५३०५५, ०१-५१५३०३३
E-mail: luckyoverseas1998@gmail.com, overseaslucky@gmail.com
Web.: luckyoverseas.com

मध्यान्ह
www.madhyanhadaily.com
१७ भदौ २०८०, आइतबार
3 September 2023, Sunday

# बक्स अफिस समाचार

## 'नेपाली गीतसंगीतलाई अन्तर्राष्ट्रिय जगतमा चिनाउनुपर्छ'

अर्घाखाँची जिल्लाको सन्धिखर्कमा जन्मिएकी चर्चित गायिका सहिमा श्रेष्ठको सांगीतिक यात्राले दशक नाघिसकेको छ । काठमाडौंलाई कर्मथलो बनाउँदै सांगीतिक क्षेत्रमा पहिलो कोसेली 'सहिमा' एल्बम लिएर उदाएकी सहिमालाई एल्बम 'सहिमा'ले साथ दिएपछि अहिलेम्म पछाडि फर्केर हेर्नु परेको छैन । तीन सयभन्दा बढी गीत गाएकी सहिमाको गल्ती भयो मेरो, हेरेको हेरै हुन्छु होला, सोह्र श्रृंगार, दोबाटोमा, ओक्कल दोक्कल, सिल्की कपाल, चलचित्र 'छक्का पञ्जा ४'को दिल भएनि फलाम चट्ट मायाँ दर्शन सलाम, चलचित्र 'हवल्दार सुन्तली'को डोला डोला हातमा, चलचित्र 'किस्मत २'को तिम्रो पिक्चर हिटलगायत दर्जनौं गीत लोकप्रिय छन् । उनले डेढ दर्जन नेपाली चलचित्रका साथै भोजपुरी तथा मैथिली चलचित्रमा समेत गीत गाएकी छिन् । झण्डै तीन महिने विदेशको सांगीतिक भ्रमण सकाएर स्वदेश फर्किएलगतै तीज गीत 'पाउजु बजाउँदै' सार्वजनिक गरेकी चर्चित गायिका सहिमा श्रेष्ठसँग मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठले गरेको कुराकानीको सम्पादित अंश :



**यतिबेला केमा व्यस्त हुनुहुन्छ ?**

तीजको माहोल छ । दशैं पनि नजिक आउँदै गरेका कारण मेला, महोत्सवको मौसम छ । सांगीतिक कार्यक्रमका क्रममा विभिन्न देशको भ्रमण गर्ने अवसर पाइरहेकी छु । तीन महिने सांस्कृतिक भ्रमण सकाएर लण्डनबाट केही समय पहिलेमात्र स्वदेश फर्केकी हुँ । अब हुने कार्यक्रमका लागि आफ्नो प्रस्तुतिको तयारी र भर्खरै सार्वजीनक भएको तीज गीत 'पाउजु बजाउँदै'को प्रमोशनमा व्यस्त छु ।

**अघिल्लो तीज गीत 'हर हर महादेव' र अहिलेको 'पाउजु बजाउँदै'को रचनाकार एकै हुनुहुन्छ नि ?**

अमर वान्तुज्यूको साहित्य सिर्जनाको क्षेत्रमा आफ्नै पहिचान छ । तीज गीतमात्र होइन उहाँका अन्य गीतमा पनि मैले स्वर दिएकी छु ।

**आफ्नो गीतको भिडियोमा प्रायः आफैं देखिनुहुन्छ, किन ?**

मेरो दोस्रो एल्बम 'मस्ति'को गीतमा समन अधिकारीको निर्देशन रहेको शीर्ष गीतको म्युजिक भिडियोमा नायक जीवन लुइँटेलसँग आफैंले नृत्य गरेकी छु । राजेशपायल राईसँग युगल गायन रहेको 'यो संसार' बोलको गीत होस् या अन्य भिडियोमा पनि देखिँदै आएकी छु । पछिल्लो भिडियो पाउजु बजाउँदैमा पनि लिडिङ भूमिकामा देखिएकी छु । आफ्नै गीतमा भन्दा पनि गीतको मर्मलाई मैले अभिनयमा न्याय दिएँ की दिइनँ भन्ने कुराले महत्व राख्छ जस्तो लाग्छ ।

**मोडलिङप्रतिको चाह हो ?**

मोडलिङको चाह भन्दा पनि सानैदेखि नृत्यमा रुची थियो । देख्नु भएकै होला स्टेज कार्यक्रमहरुमा गायनसँगै मेरो नृत्य पनि । गायनसँगै नृत्य गर्दा दर्शकहरुले थप मनोरञ्जन लिन सकुन् भन्ने चाह हो ।

**त्यही भएर हो कि तपाईंलाई आजकल स्टेज क्वीन भनेको ?**

त्यो उहाँहरुको मप्रतिको प्रेम र सद्भाव हो । मेरो धर्म भनेको जसरी भएपनि उहाँहरुलाई आफ्नो प्रस्तुतिमार्फत सक्दो मनोरञ्जन दिने नै हो ।

**स्टेज कार्यक्रमहरुमा तपाईंको माग कत्तिको छ ?**

युरोपको एकाध मुलुकबाहेक सबैमा आफ्नो प्रस्तुति दिइसकेको छु । केही दिनमात्र भयो लण्डनबाट नेपाल आएको र अस्तिमात्र भदौ ११ गते कञ्चन गाउँपालिका १ को खेल मैदान लौसा, रुपनदेहीमा सम्पन्न 'प्रथम लौसा तीज विशेष सांस्कृतिक मेला २०८०' मा सहभागी भएर फर्केकी छु । कहिले त एकै दिनमा ३, ४ वटासम्म कार्यक्रम भ्याउनुपर्ने हुन्छ । आफैं बुझ्नुस् माग कत्तिको हुन्छ ।

**कस्तो गीत गाउन रुचाउनु हुन्छ ?**

लोक पप, आधुनिक, भोजपुरी, मैथली सबै खाले गीत गाउँदै आइरहेकी छु । संगीत सिर्जनामा पनि मेरो रुची नभएको होइन । नेपाल भाषामा, नेपाली आधुनिक गीत, गजल, भजन, लोकगीत तथा नेपाली चलचित्रका गीतहरुमा बेग्लै पहिचान बनाउन सफल भएकी छु जस्तो लाग्छ भने पार्श्व गायनले सांगीतिक क्षेत्रमा संघर्ष गरिरहन सहयोग पुऱ्याइरहेको छ ।

**गीत संगीतको क्षेत्रमा आफूलाई कहाँ पाउनु हुन्छ ?**

विगत एक दशक बढी समयदेखि व्यावसायिकरुपमै गायन क्षेत्रमा निरन्तरता दिइरहेकी छु । एकपछि अर्को गीतले सफलता पाइरहेको छ । आफ्नो सुमधुर आवाज, मिहेनत र परिश्रमले गर्दा नै यो सफलता मिलेको होला । आफ्नै मूल्यांकन त कसरी गरौं, दर्शक तथा स्रोताहरुले मलाई जुन स्थानमा राख्नु भएको छ त्यसमा सन्तुष्ट छु ।

**तपाईंको लागि गीतसंगीत के हो ?**

गीत संगीत मेरो प्राण हो, संगीत मेरो रगतमा छ र मेरो हरेक धड्कनमा छ । नेपाली संगीत भनेको हाम्रो सम्पत्ति हो, संस्कृति हो, त्यसैले हामीले यसलाई संरक्षण र प्रवर्द्धन गर्नु हाम्रो कर्तव्य हो र नेपाली सांगीतिक क्षेत्र तथा गीतसंगीतको स्तरलाई अन्तर्राष्ट्रिय क्षेत्रमा परिचित गराउनु पनि हाम्रो दायित्व हो भन्ने लाग्छ ।

**सम्मान तथा अवार्डहरु ?**

म्युजिक खबर प्लेव्याक सिंगर, डी सिने अवार्ड, म्युजिक खबर म्युजिक अवार्ड, तीज म्युजिक अवार्ड, सुन्दरादेवी म्युजिक अवार्ड, नेपाल आर्ट कल्चर एण्ड म्युजिक अवार्डलगायत दर्जन अवार्डबाट सम्मानित हुने मौका पाएको छु ।

**यो क्षेत्रमा पहिले र अहिलेमा के भिन्नता पाउनु हुन्छ ?**

पहिलाको तुलनामा यो क्षेत्रले ठूलो फड्को मारेको छ । प्रविधिको विकाससँगै गीतसंगीतमा काम गर्ने तौरतरिका फेरिएको छ । एकातिर प्रविधिले सहज बनाइदिएको छ भने अर्कोतिर क्रियशनमा अल्छिपना । त्यसैले प्रविधिसँगै आफ्नो क्रियशन क्षमता पनि बढाउन जरुरी छ ।

**यो क्षेत्रमा एउटै गीतले पनि भ्याइरल बनाइदिन्छ नि ?**

साधना बिना नै राता रात भाइरल हुने समय आयो । हामीजस्तो यही गीतसंगीतको क्षेत्रमा दशकदेखि संघर्ष गरिरहेको कलाकारलाई अलि गाह्रो बनाइदिएको छ । यस्तो अवस्थामा आफूलाई टिकाइराख्न थोरै मिहेनतले चाहिँ पक्कै पुग्दैन । आफ्नो कर्मप्रति इमान्दारिता र लगनशीलताका साथ मिहेनत गरिरहनुपर्छ । क्षणिक भाइरल भएर हराउनुभन्दा लामो समय टिकिरहनु राम्रो ।

## दिव्या दत्ताले सुनाइन् 'चलचित्र यात्रा'

**ललितपुर/मस-** त्रिदिवसीय साहित्य महोत्सव 'काठमाडौं-कलिङ साहित्य महोत्सव' सहभागी हुन नेपाल आएकी भारतीय अभिनेत्री तथा लेखक दिव्या दत्ताले आफ्नो चलचित्र यात्राबारे चर्चा गरिन् । बलिउडमा तीन दशक बिताइसक्नु भएकी अभिनेत्री दत्ताले नेपाली चलचित्र 'वसन्ती' र 'माया नमार' मा काम गरेकी छिन् ।



लेखक सुमित शर्मासँगको 'दिव्या दत्तको चलचित्र यात्रा' सत्रमा उनले नेपाली भाषा सुन्दर लाग्ने प्रतिक्रिया दिइन् । 'म नेपाली भाषा छिट्टै सिकिरहेको छु, मलाई यहाँ घरभन्दा बाहिर आए जस्तो महसुस भएकै छैन,' उनले भनिन् । 'भाग मिल्खा भाग', 'वीरजारा', 'दिल्ली-६', 'ब्ल्याकमेल', 'जिप्पी', 'बद्लापुर' लगायतका चलचित्रमा काम गरेकी अभिनेत्री दत्ताले बाल्यकालमा भारतीय अभिनेता अमिताभ बच्चनबाट प्रभावित भएको बताइन् ।

आमाबुबा चिकित्सक भएकाले उनलाई बाल्यकालमा सोही पेसामा आवद्ध हुन्छु भन्ने लागेको थियो । पढाइ राम्रो भएकाले विज्ञान पढ्ने दबाब हुँदा पनि उनले अंग्रेजी साहित्य, मनोविज्ञान, दर्शन पढ्ने इच्छा गरिन् ।

'मेरो बुबा म सानै छदा बित्नुभयो, त्यसैले आमालाई मनका कुरा भन्न सहज भए पनि भन्न सक्थिन्,' अभिनेत्री दत्ताले भनिन् । उनले 'ट्यालेन्ट हन्ट'को सहभागिताका लागि निवेदन दिँदा चाहिने तस्बिर खिच्न भाइको सहारा लिइन् । त्यहाँ छनोट भएपछि भाइसँगै आमालाई आफ्नो सपनाबारे परिचित गराइन् ।

'मैले र भाइले आट गरेर आमालाई भनेका थियौं । उहाँसँग हामीलाई डर लाग्थ्यो, आमाले मलाई सपनाको उडान भर्ने सहमति दिनुभयो, यद्यपि मेरो अध्यनलाई असर नपुग्ने गरी,' उनले भनिन् । यहीँबाट बलिउड यात्रा प्रारम्भ गरेकी अभिनेत्री दत्ताले अभिनेत्री मनिषा कोइरालाका कारण काम पाइन् । उनको अनुहार मिल्दोजुल्दो देखिएपछि उस्तै खोजिका साथ आउने निर्माताले काम दिन थाले । यसको उदाहरण 'अग्निसाक्षी' हो ।

'मलाई अन्य अभिनेत्रीको छायाँ बन्नु थिएन, तर त्यसपछि काम गरेको केही चलचित्रमा मुख्य अभिनेत्रीको साथीको भूमिका पाएँ, शुरुवातमा काम देखाउँछु भन्ने लागे पनि पछि गन्तव्य देखिन,' अभिनेत्री दत्ताले भनिन् ।


'वीरजारा' जस्तो चलचित्रमा काम गरेर पनि आफूलाई परिचित गराउन असहज देखेपछि उनको यात्रा रोकिने अवस्थामा पुग्यो । सोही समयमा आमाले पाएको भूमिकालाई निर्वाह गरेर संघर्ष गर्न सुझाएको अभिनेत्री दत्ताले सम्झिइन् । 'आमाले चलचित्रमा निरन्तर काम गर्न दिएको सुझाव मानेर काम गरें, त्यही क्रममा मैले 'दिल्ली ६', 'भाग मिल्का भाग' जस्ता चलचित्रमार्फत आफूलाई प्रमाणित गरें,' उनले भनिन्, 'अहिले वेब शृंखलासँगै चरित्रप्रधान चलचित्र बन्ने गरेका छन्, अहिले सङ्घर्ष गर्न पहिलेभन्दा सजिलो छ ।'

सफल अभिनेत्री बन्दै गर्दा उनले लेखनमा समेत आफूलाई अगाडि ल्याइन् । पहिलो पुस्तक 'मि एन्ड माँ' भित्र उनले आमासँगको सम्बन्धलाई शब्दमार्फत व्याख्या गरिन् । उनले काम र यात्रालाई सुन्दर बनाइदिने मानिसलाई लक्षित गर्दै दोस्रो पुस्तक 'द स्टार्स इन माइ स्काइ' तयार गरिन् । उनलाई आफ्नो शब्दको शक्ति महसुश भने पहिलो पुस्तकबाटै भएको थियो ।

यशस्वी प्रज्ञा प्रतिष्ठान नेपाल र कलिङ साहित्य महोत्सव (केएलएफ) भारतको संयुक्त आयोजनामा शुक्रबार शुरु भएको महोत्सव आइतबारसम्म सञ्चालन हुनेछ ।

## चेतनामूलक तीज गीत 'बज्यै बुहारी'

**काठमाडौं/मस-** सासु बुहारीको सम्बन्धलाई उजागर गरिएको तीज तीत 'बज्यै बुहारी' सार्वजनिक भएको छ । गायिका कविता अर्यालको तीज गीत 'बज्यै बुहारी'मा बुहारीले राम्रो रोल खेलेमा नबुझ्ने सासु पनि बुझ्ने हुन्छन् र परिवारमा खुसी छाउँछ भन्ने कुरालाई व्यक्त गरिएको छ ।




गीतमा गायिका अर्यालकै शब्द तथा संगीत रहेको छ भने गायिका अर्याललाई लक्ष्मी ज्ञवालीले स्वरमा साथ दिएकी छन् । विशाल घिमिरेले निर्देशन गरेको भिडियोलाई करण चैंसिरले खिचेका हुन् ।

गीतको भिडियोमा लक्ष्मी गिरी, कविता अर्याल, लक्ष्मी ज्ञवाली, गोमा न्यौपाने, पुनम खड्का, माया भण्डारीलगायतले अभिनय रहेका छन् । 'बज्यै बुहारी' गीतलाई गायिका कविता अर्यालकै अफिसियल युट्युबबाट सार्वजनिक गरिएको छ ।


## फेदाप गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**पोक्लाबाङ, तेह्रथुम**
**कोशी प्रदेश, नेपाल**

### फेदाप गाउँपालिकाद्वारा नगरबासीहरूमा जानकारी मूलक सन्देश

- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- कर समयमै तिरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरूवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । गाउँपालिकालाई बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरूमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रूपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरूलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरूपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।

# एशियाली शारीरिक सुगठनमा २३६ खेलाडीले प्रतिस्पर्धा गर्ने



**काठमाडौं /मस-** एशियन शारीरिक सुगठन तथा फिट्नेस महासंघको आयोजना तथा नेपाल शारीरिक सुगठन तथा फिटनेस महासंघको व्यवस्थापनमा काठमाडौंमा हुने ५५औं एशियाली शारीरिक सुगठन तथा फिजिक्स स्पोर्टस् च्याम्पियनसिपमा १७ राष्ट्रका २३६ खेलाडीले विभिन्न विधामा प्रतिस्पर्धा गर्ने भएका छन्। जसमा १६८ पुरुष र ६८ महिला गरी २३६ खेलाडीहरुले विभिन्न ४५ विधामा प्रतिस्पर्धा गर्नेछन् ।

शारीरिक सुगठनको प्रतियोगितामा पहिलो पटक ठूलो प्रतियोगिताको रुपमा रहेको च्याम्पियनसिपमा नेपालसहित भुटान, चीन, हङकङ चाइना, भारत, काजाखस्तान, मकाउ चाइना, मालदिभ्स, मलेसिया, म्यानमार, सिंगापुर, दक्षिण कोरिया, श्रीलंका, थाइल्याण्ड, ताजाकिस्तान, उज्वेकिस्तान र भियतनामको सहभागिता रहेको छ ।

दरवारमार्गस्थित याक एण्ड यती होटलको रिगल बाल रुममा हुने च्याम्पियनसिपमा पुरुष तर्फ २८, महिला तर्फ १६ र मिक्स १ गरि ४५ विधामा प्रतिस्पर्धा हुनेछ। प्रतिस्पर्धा गर्ने सवै देशका खेलाडी, अफिसियल र डेलिगेट्सहरु नेपाल आइसकेकाछन् ।

शनिबार च्याम्पियनसिपको दोस्रो दिन मेनेजर्स मिटिङ, निर्णायक मिटिङ, डोपिङ सेमिनार तथा एशियाली कंग्रेसको आयोजना भएको छ । यस्तै आइतबार तेस्रो दिन १७ गते खेलाडीहरुको तौल तथा हाइट मेजरमेन्ट र उमेर समूहको जाँच गर्ने कार्य हुनेछ ।

चौथो दिन १८ गते प्रतियोगिताको उद्घाटनका साथै १६ वटा विधामा प्रतिस्पर्धा हुने छ । जसमा पहिलो दिन नेपाली १४ खेलाडीहरुले ८ वटा समूहमा प्रतिस्पर्धा गर्नेछन् । यस्तै १९ गते २० वटा विधामा प्रतिस्पर्धा हुने र २४ नेपाली खेलाडीहरुले १७ वटा समूहमा प्रतिस्पर्धा गर्नेछन् । २० गते ९ वटा विधामा प्रतिस्पर्धा हुने र ५ जना नेपाली खेलाडीहरुले ४ वटा समूहमा प्रतिस्पर्धा गर्नेछन् । प्रत्येक दिनको खेल पश्चात नतिजा प्रकाशन हुने छ । प्रतियोगिताको अन्तिम दिन शारीरिक सुगठन तर्फको ५५, ६०, ६५, ७०, ७५, ८०, ८५, ९०, १०० र ११० केजी गरी १० समूहका प्रथम स्थान प्राप्त गर्ने खेलाडीहरुबीच प्रतिस्पर्धा गराई सर्वोत्कृष्ट हुने खेलाडीलाई मि. एशिया २०२३ घोषित गरिनुका साथै ट्रफी प्रदान गरिने छ । यस्तै सम्पूर्ण प्रतिस्पर्धाबाट मेडलका आधारमा शिर्ष तीन स्थान प्राप्त गर्ने ३ देशलाई च्याम्पियनसिपको प्रथम, द्वितीय र तृतीय घोषित गरिने छ ।

मनकामना केवल कारको प्रमुख प्रायोजनमा हुने प्रतियोगितामा राष्ट्रिय खेलकुद परिषद्, नेपाल टुरिजम बोर्ड, एभरेष्ट बैंक, नेपाल इन्भेष्टमेन्ट मेघा बैंक, महालक्ष्मी विकास बैंक, पञ्चकन्या ग्रुप, केटिएम सिटी, सिद्धार्थ प्रिमियम इन्सुरेन्स, सरगमाथा लुम्बिनी इन्सुरेन्स, शिखर इन्सुरेन्स, सिएफएस रेमिट आदिको विशेष सहयोग रहने आयोजकले जनाएका छन् ।

प्रतियोगिताको आधिकारीक होटलमा याक एण्ड यती र ऱ्याडिसन होटल रहेको छ भने प्रतियोगिताको काष्टमण्डप टेलिभिजन र मेरो फिटनेशले फेसबुक लाईभ गर्नेछन् । प्रतियोगिताको इभेन्ट म्यानेजमेन्टमा फुनोलोजिक सोलुसन रहेको छ ।

# उमा कुङफुको राष्ट्रिय रेफ्री सेमिनार सम्पन्न

**काठमाडौं /एजेन्सी-** नेपाल उमा कुङफु संघको आयोजनामा छैटौं राष्ट्रिय रेफ्री सेमिनार शनिबार जरंकुमा सम्पन्न भएको छ । भदौ २२ र २३ गते जरंकुमै हुने छैटौं राष्ट्रिय उमा कुङफु प्रतियोगितालाई लक्षित गरी आयोजना गरिएको एकदिने सेमिनारमा १५ निर्णायकको सहभागिता रहेको नेपाल उमा कुङफु संघका अध्यक्ष सिद्धार्थ लामाले जनाएका छन् ।

सहभागीहरुमा रिजा महर्जन, रविन पुटुवार, निराजन मुक्तान, सिवान सुनुवार, मनीष पुटुवार, सुनिता श्रेष्ठ, सुनमाया तामाङ, श्रृषा खनाल, पासाङ तामाङ, मनोज विन्दुकार, शिव कुँवर, राजदीश नेम्कुल, सरिना घले, गोपाल थापा र सुरेन्द्र राई रहेका छन् । उनीहरुलाई अन्तर्राष्ट्रिय निर्णायक सिद्धार्थ लामा, संजीतकुमार राई, दीपक श्रेष्ठ, रमेश महर्जन, कमल मगर र सञ्जयराज पुटुवारले परिवर्तित नियमलगायतका बारे जानकारी गराएका थिए ।

# केएमसी र इनोभेटिभको जित




**काठमाडौं /मस-** आयोजक केएमसी 'ए' र इनोभेटिभले तेस्रो केएमसी अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर ब्वाइजमा शनिबार जित हात पारेका छन् ।

बुद्धनगरस्थित घरेलु कोर्टमा केएमसी 'ए' ले रिलयान्सलाई २८-२० ले पराजित गऱ्यो । केएमसी 'ए' का रियम राईले १७ अंक जोडे । इनोभेटिभले सनसाइनलाई २८-१९ ले हरायो । इनोभेटिभका समुन्द्र महर्जनले १६ स्कोर गरे ।

सिनियर ब्वाइजमै ज्ञान निकेतनले बाल दिक्षालाई २९-२०, काठमाडौं जेभियरले केएमसी 'बी' लाई २२-१५, नेरिक एकेडेमीले सैनिकलाई ३७-१८, एआईएले एनसीसीएसलाई ३७-१६, भद्रघलेले एलिट ग्रान्डलाई १९-१५ र जेनिथले सेन्ट पाउललाई ४४-१७ ले पाखा लगाए। ज्ञान निकेतनका आशालाल श्रेष्ठले १२, काठमाडौं जेभियरका अनिकेत बाँस्तोलाले १४, नेकिरका सुशल मगरले १४, एआईएका पर्वत पाण्डेले १६, भद्रघलेका विवश मगरले १२ र जेनिथका सुशिल शाहीले १८ अंक बटुले ।

# रिभेरा इन्टरनेश्नल एकेडेमी टिम प्रथम




**काठमाडौं /एजेन्सी-** भदौ १६ गते श्रीपिङ्गला डोजाङ्गको आयोजनामा सम्पन्न भएको चौथो तेक्वान्दो प्रतियोगितामा रिभेरा इन्टरनेश्नल एकेडेमी स्कुलले ५ स्वर्ण, ३ रजत र २ कास्य पदक हासिल गरी टिम प्रमथ भएको छ ।

त्यसै गरी सम्भाबी स्कुल टिमले ४ स्वर्ण, १ रजत र ७ कास्य पदक हासिल गरी टिम दोश्रो भएको र टेक्सास इन्टरनेश्नल स्कुलले ३ स्वर्ण, ३ र ८ कास्य गरी टिम तेश्रो भएको छ ।

नेपाल एभेरेष्ट मन्टेश्वरी स्कुलले अनुशासित ट्रफी अवर्ड पाएको । कार्यक्रमको प्रमुख अतिथि काठमाडौं महानगरपालिका वडा ९ का अध्यक्ष रामजी भण्डारी, विशेष अतिथि कामपा ८ वडा अध्यक्ष आशामान संगत, वडा ९ का सदस्य टेकराज अधिकारी, काठमाडौं जिल्ला तेक्वान्दो संघका अध्यक्ष विक्रम खड्गी र समाज सेवी पूर्व प्रदेश सांसद् नरोत्तम वैद्यलागयतको उपस्थिति रहेको कार्यक्रम संयोजक सुरेन्द्र डंगोलले बताए।

प्रतियोगितामा कुल १४ स्कुल तथा डोजाङ्गका २५० खेलाडीको सहभागिता रहेको आयोजक समितिका सचिव समिर दाहालले जानकारी दिए।

कार्यक्रममा काठमाडौं जिल्ला तेक्वान्दो संघका नवनिर्वाचित पदाधिकारी तथा सदस्य र तेक्वान्दो खेलमा योगदान दिने प्रशिक्षक तथा खेलाडीहरुलाई सम्मान गरेको संयोजक सुरेन्द्र डंगोलले बताए।

## Jagannath Rural Municipality
## Office of the Rural Municipal Executive
Juddi, Bajura
Sudurpaschim Province, Nepal

### Invitation for Bids

**First Date of Publication: - 2080/05/17 (03/09/2023)**

1) Jagannath Rural Municipality has allocated funds towards the cost of construction of following Irrigation Canal Construction Project and intends to apply part of the funds to cover eligible payments under the Contract for Construction of Irrigation Canal Construction Projects under National Competitive Bidding , Single envelope Bidding Procedures.
2) Eligible Bidder may visit PPMO's e-GP system **www.bolpatra.gov.np/egp** for Further Information.

| S. N. | Contract ID.No. | Name of Works | Estimated Amount (Without VAT & Contingency) | Bid Document fee (Non-refundable) | Bid Validity Period | Bid Security Amount |
|---|---|---|---|---|---|---|
| 1 | JRM/WORK/IC/ NCB/01/2080/081 | Veragadh dekhi Dewalkot Ma.Vi Samma Irrigation Canal Construction Work | NRs.71,04,032.42 | NRs.3000.00 | 90 days | NRs. 2,10,000.00 |
| 2 | JRM/WORK/IC/ NCB/02/2080/081 | Mathillo Huni Irrigation Canal Construction Work | NRs.76,72,561.53 | NRs.3000.00 | 90 days | NRs. 2,27,000.00 |

3) Bidder's may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp.bidders, submitting their bid electronically,should deposite the cost of bidding document in the rajaswa (revenue) account as specified below.
**Information to deposite the cost of bidding document & bid Security in Bank:**
Name of Office:- Jagannath Rural Municipality, Juddi, Bajura.
Name of the bank:- Himalayan Bank Limited, Jagannath Branch, Bajura.
Office Account No.:- 07208951850012 (Rajaswa Account)
Office Account No.:- 07208951850017 (Dhaurati Account)
4) Pre-bid meeting shall be held in Jagannath Rural Municipality Bajura at **13:00 Hours** on **2080/06/04 (21/09/2023).**
5) Bid must be valid as above mention period after bid opening and must be accompanied by a bid security and scanned copy of the bid security in pdf format amounting the above mentioned. Bid Bond which shall be valid for **30 days beyond the validity period** of the bid.
6) Electronic bid must be submitted through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on or before **12:00 Hours** on **2080/06/16 (03/10/2023).** Bids received after this deadline will be rejected.
7) The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 hrs Noon on 2080/06/16 (03/10/2023)** at the Office of **Jagannath Rural Municipality, Juddi, Bajura.**
8) If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9) The Municipality reserves the right to accept or reject any proposal also the municipality reserve the right to award the contract partially or fully.

**Chief Administrative Officer**

## Darma Rural Municipality
## Office of the Rural Municipal Executive
**Pharulachaur, Salyan**
**Karnali Province, Nepal**

### Invitation for bid

**First date of publication: 2080/05/17 (3rd, Sep, 2023)**

1. Darma Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the following contract.

| S. N. | Contract No. | Description of Works | Estimated cost (w/o VAT) | Cost of bid Documents (NRs) | Minimum bid security amount | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | DRM/NCB/ W/B/01/2080/081 | Construction of Bal Kalyan Ma.Vi. Bhuwantakuri School Building | 1,26,88,910.98 | 3,000.00 | 4,63,000.00 | |
| 2. | DRM/NCB/ W/B/03/2080/081 | Construction of Nepal Rastriya Ma.vi. Dhakadamkot School Building . | 1,26,89,702.56 | 3000.00 | 4,63,000.00 | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Darma Rural Municipali, Pharulachaur, Salyan, Tel. ph. No. :9857844464, 9847911584, e-mail: ito.darmamun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
**Name of the Bank : Nabil Bank ltd.**
**Name of Office : Darma Rural Municipality**
**Office Account no. : 7301017500275**
4. Pre-bid meeting shall be held at Office of the Darma Rural Municipality at 13:00 hours, 2080/06/05.
5. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 hours on 2080/06/16. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hour on 2080//06 /16 at the office of Darma Rural Municipality, Pharulachaur,Salyan. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.The bid security shall be, at the Bidder's option, in any of the following forms:
(a) an unconditional bank guarantee from Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee as per prevailing Law or;
(b) a cash deposit voucher in the Employer's Account as specified below:
**Name of the Bank : Nabil Bank Ltd.**
**Name of Office : Darma Rural Municipality**
**Dharauti Account no. : 7301017500290**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. Matters not covered in this notice shall be treated in accordance with prevailing acts and regulations.

**Chief Adminstrative Officer**

घरजग्गा कारोबार

# अघिल्लो आ.व.मा विस्तार साउनमा भने घट्यो

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, १६ भदौ ।

लामो समयदेखि अत्यन्तै सुस्ताएको घरजग्गा कारोबारमा अघिल्लो आर्थिक वर्ष (आव)मा भने बैंकहरुको लगानी भने विस्तार हुन पुगेको छ । गत वर्ष नेपाल राष्ट्र बैंकले कडाइ गरेको भए पनि वाणिज्य बैंकहरुले घरजग्गा क्षेत्रमा २ खर्ब भन्दा बढी कर्जा प्रवाह गरेको तथ्यांकले देखाएको छ । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०७९/८० मा बैंकहरुले २ खर्ब १७ अर्ब ९६ करोड रुपैयाँ बराबरको कर्जा घरजग्गामा कर्जा प्रवाह गरेका छन् ।



अनुत्पादनमुलक क्षेत्रमा कर्जा लगानी विस्तार रोक्न केन्द्रीय बैंकले घरजग्गा क्षेत्रमा पनि कर्जा विस्तारलाई कडाई गरेको थियो । तर, बैंकहरुले केन्द्रीय बैंकको नीतिगत कडाइका बाबजुत पनि गत आवमा सो क्षेत्रमा उल्लेख्य रुपमा कर्जा विस्तार गरेका छन्। आर्थिक वर्ष २०७८/७९ को तुलनामा घरजग्गा क्षेत्रमा ९.१७ प्रतिशत अर्थात् १८ अर्ब ३२ करोड रुपैयाँ कर्जा वृद्धि हुन पुगेको छ। आर्थिक वर्ष २०७८/७९ मा बैंकहरुले १ खर्ब ९९ अर्ब ६४ करोड रुपैयाँ बराबरको घरजग्गा कर्जा लगानी गरेका थिए ।

गत वर्ष घर जग्गा क्षेत्रमा मन्दी छाएको व्यवसायीहरुले बताउँदै आएका थिए तर, नेपाल राष्ट्र बैंकको तथ्यांक हेर्दा घरजग्गा क्षेत्रमा बैंकहरुले उत्साहपूर्वक लगानी वृद्धि गरेको देखिन्छ । घरजग्गा व्यवसायीहरुले तरलताको अभाव देखाउँदै बैंकहरुले कर्जा नदिएको र घरजग्गा कारोबार सुस्ताएको भने पनि घरजग्गा व्यवसायमा लगानी बढाउँदै गएको राष्ट्र बैंकको तथ्यांकले देखाएको छ ।

चालु आर्थिक वर्षको पहिलो महिनामा भने घरजग्गा कारोबार घट्न पुग्यो। साथै सो महिनामा राजस्व संकलनमा पनि कमि आएर दुई अर्ब ९१ करोड रुपैयाँ संकलन भएको छ । सरकारले चालु आवको पहिलो महिनासम्म घरजग्गा बढाउने गरी नीतिगत निर्णयमा ढिलाइ गर्दा कारोबार र राजस्व दुवै घटेको व्यवसायीहरुको भनाइ छ । यसअघि अघिल्लो आवको अन्तिम महिना असारमा ४ अर्ब २७ करोड रुपैयाँ राजस्व संकलन गरिएको थियो ।

# नेसनल इन्स्योरेन्स डिस्कोर्सको तयारी पूरा

**काठमाडौं/मस** – 'द नेसनल इस्योरेन्स डिस्कोर्स' कार्यक्रमको तयारी पूरा भएको छ । आगामी सोमबार काठमाडौंको सोल्टी होटेलमा हुने वृहत् आर्थिक संवाद कार्यक्रम 'द नेशनल इन्स्योरेन्स डिस्कोर्स-२०२३ तयारी पूरा भएको आयोजकले जनाएको छ । विशेषगरी 'द नेशनल इन्स्योरेन्स डिस्कोर्स'मा मुख्य चार सत्रहरुमा छलफल हुनेछ । जसमा अर्थमन्त्रीसँग डुओलग बिशेष सत्र पनि हुने बताइएको छ । डुओलग बिशेष सत्र बैंकिङ समाचारका प्रकाशक राजु ढुंगेलले सञ्चालन गर्नेछन । कार्यक्रम नेपाल लाईफ इन्स्योरेन्सको प्रायोजनमा हुँदैछ । 'द नेशनल इन्स्योरेन्स डिस्कोर्स-२०२३' को पूर्वसन्ध्यामा विशेष अन्तरक्रिया कार्यक्रम समेत सम्पन्न भएको छ । काठमाडौंको बबरमल रिभिजेटेडमा शुक्रबार डिस्कोर्सको पूर्वतयारीको लागि अन्तरक्रिया गरिएको हो ।



नेपाल बीमा प्राधिकरणका निर्देशकहरु, लाइफ इस्योरेन्स असोसिएसनका अध्यक्ष एवंम सिटिजन्स लाईफ इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत पोषक पौडेल, सोही एसोसीएसनका उपाध्यक्ष एवंम नेपाल लाइफ इस्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत प्रविण रमण पराजुली तथा नीर्जीवन बीमा एसोसिएसनका अध्यक्ष एवं सगरमाथा लुम्बिनी इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत चंकी क्षेत्री लगायतका विशिष्ट व्यक्तीहरुको सहभागिता रहेको अन्तरक्रियामा आगामी सोमबार आयोजना हुने डिस्कोर्स कार्यक्रमका मुख्य चारवटा सत्रहरूका विषयमा छलफल भएको थियो । उक्त अन्तरक्रियामा मुख्य सत्रमा गरिने बहसका विषयहरू र यसले पार्ने प्रभावको बारेमा गहन छलफल गरिएको बैंकिङ समाचारका अध्यक्ष राजु ढुंगेलले बताए । अन्तरक्रियामा उपस्थित इस्योरेन्स क्षेत्रका विज्ञ डा. फत्त बहादुर केसीले बीमा व्यवसाय शुरुवात भएको पाँच दशकभन्दा लामो समय भइसकेको अवस्थामा पनि बीमा फाईदा नभई सुरक्षा हो भन्ने मुल शिक्षा जनमानसले नबुझिरहेको अवस्थामा यस्ता डिस्कोर्स कार्यक्रमहरुले आगामी दिनहरुमा बीमाको पेनिट्रेसन बढाउन सहयोग पुग्ने बताए ।

# तिवारीले जितिन् 'ग्लोकल टीन हिरो नेपाल २०२३'को उपाधि

**काठमाडौं/मस** - ग्लोकल प्रालिद्वारा आयोजित 'ग्लोकल टीन हिरो २०२३' को श्रुति तिवारीले जित्न सफल भएकी छिन् । किशोरकिशोरीहरुमा भएको प्रेरणा र उत्साहलाई प्रस्फुटन गरी उनीहरुले समाजमा गरेको प्रभावकारी कार्यलाई कदर र अरु माझ चिनाउने कार्यक्रम गोल्छा ग्रुपद्वारा प्रस्तुत ग्लोकल टिन हिरो नेपालको नवौं संस्करण प्रस्तुत गरेको थियो । शिक्षा, उद्यमशीलता, कूटनीति, एवम अन्य विविध क्षेत्रका व्यक्तित्वहरुको उपस्थितिमा शुक्रबार अवार्ड कार्यक्रमको बीच ग्लोकल टीन हिरो नेपाल, २०२३ को घोषणा गरिएको थियो ।



गोल्छा ग्रुपद्वारा प्रस्तुत ग्लोकल टिन हिरोका अन्तिम ६ प्रतिस्पर्धी आर्यन सिग्देल, अतिथ अधिकारी, माधव खनाल, निराजन रिमाल, प्रीति पन्थ, र श्रुति तिवारी वातावरण बीच प्रतियोगिताको बिजेता चयन गरिएको थियो । श्रुति तिवारी समाजमा सकारात्मक परिवर्तन ल्याउने आफ्नो समर्पणलाई देखाउँदै विभिन्न सामाजिक र वातावरणीय पहलहरूमा सक्रिय रूपमा संलग्न छिन् । बाल अधिकारका लागि उनले बालविवाह र दुर्व्यवहारको बारेमा सचेतना जगाएकी छिन् । साथै उनले बालबालिकाको भविष्य सुरक्षित गर्न एकिक्रिट चाइल्ड क्लब जस्ता संस्थाहरूसँग साझेदारी गर्दै आएकी छन् ।

उनले 'प्लास्टिकम्यान अभियान' जस्ता प्रभावकारी अभियानहरूमा भाग लिएकी छिन्, जसमा एकल-प्रयोग प्लास्टिकको खपत घटाउँछ । वातावरणमा सकारात्मक प्रभाव पार्दै सेभ द चिल्ड्रेन र डब्लुडब्लुएफ नेपाल जस्ता संस्थाहरूसँग सफल वृक्षरोपण प्रयासको नेतृत्व गरिन् । तिवारीले २० भन्दा बढी दलित र जनजाति किशोरीहरुलाई समाजमा सक्रिय भूमिका खेल्न प्रोत्साहित गर्दै सशक्तिकरणको अभियानमा प्रेरित गरेकी छन् । विभिन्न संघसंस्था र समुदायसँगको सक्रिय संलग्नता र सहकार्यबाट उनले १२ बालविवाह र ३ बाल दुर्व्यवहारलाई रोक्न र व्यक्ति र समग्र समाजको जीवनमा दिगो प्रभाव छोडेर अर्थपूर्ण परिवर्तन ल्याउन सफल भएको मानिएको छ । यस वर्षको निर्णायक टोलीमा कोका-कोला कम्पनी नेपालका देश निर्देशक आदर्श अवस्थी, नेपालका लागि युएनएचसिआर प्रतिनिधि क्यारोलिन स्पन्थ वर्मा, ज्योति ग्रुपका निर्देशक सौरभ ज्योति र गोल्छा ग्रुप प्रालिका निर्देशक सीमा गोल्छा रहेका थिए । यस वर्षको अन्तिम ६ प्रतिस्पर्धीहरुले क्षमता बिकास कार्यशालामा सहभागी हुने अवसर प्राप्त गरेका थिए । अन्तिम ६ प्रतिस्पर्धीको कामको शुरुवात र प्रभावको आधारमा र व्यक्तित्व मापदण्ड, ज्ञान र दूरदर्शन मापनको लागि अन्तवार्ता गरेर शुक्रबारको समरोहमा २०२३ को बिजेता घोषणा गरिएको थियो ।

देश भरीका प्रतिभावान किशोर किशोरीहरुलाई एकैठाउँमा ल्याउन ग्लोकल प्रालिसँग विभिन्न सँघसंस्थाहरु साझेदारका रुपमा जोडिएका छन् । ग्लोकल प्रालिले शीर्षक साझेदारको रूपमा गोल्छा ग्रुपसँग साझेदारी गरेको छ । जसमा, रणनीतिक साझेदारको रूपमा युएनएचसिआर भारतीय दूतावास, बिपी कोइराला इन्डिया-नेपाल फाउन्डेसन्, भारतीय दूतावास, संघीय गणतन्त्र जर्मनीको दूतावास र पार्ट्नरका रुपमा होन्डा, कोका कोला, नेपाल टेलिकम, डब्ल्यूडब्ल्यूएफ नेपाल, टोयोटा, द् ब्रिटिश कलेज, पञ्चकन्या ग्रुप, डिशहोम गो, काठमाडौं वर्ल्ड स्कूल र रियल् जुस रहेका छन् । यस्तै, बैंकिङ साझेदारमा नबिल बैंक, आधिकारिक होटल साझेदारको रूपमा द् सोल्टी काठमाडौं, इन्टरनेट साझेदारको रूपमा वर्ल्डलिंक, आतिथ्य पार्टनरमा सिद्धार्थ बिजनेश ग्रुप अफ हसपीट्यालीटी र कोजी होम्स् रहेका छन् । साथै, एयरलाइन्स पार्टनरको रूपमा नेपाल एयरलाइन्स, क्याथे प्यासिफिक एयरवेज र एति एयरलाइन्स, शिक्षा पार्ट्नरमा किङ्स कलेज, पी आर साझेदारमा प्रिज्मा एडभरटाईजिङ, चिकित्सा पार्टनरमा डाक्टर अन कल र समर्थकमा भ्यू योर् च्वाइस रहेका छन् ।

गौरादह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौरादह, झापा
कोशी प्रदेश, नेपाल

नगरपालिकाबासीमा डेंगीबाट बच्ने सम्बन्धी जानकारी मूलक सन्देश

सुरक्षित रहौं, रोकथाम गरौं, नियन्त्रण गरौं



एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।



आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरूमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।



दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।



घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।



बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।



पूरै शरिर ढाक्ने लुगा लगाउने ।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घरभित्र र वरपरका पानी जमेको ठाउँहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
कोशी प्रदेश, नेपाल

आँखा पाक्ने रोगका प्रमुख लक्षणहरु:


विगत केही दिनदेखी समुदायमा व्यापक रूपमा आँखा पाक्ने रोग फैलिइरहेकाले उक्त रोगबाट बच्न र बचाउनका लागि निम्न उपायहरु अपनाउन हुन सम्बन्धित सबैमा अनुरोध छ ।

आँखा पाक्ने रोगका प्रमुख लक्षणहरू:

- एक्कासी एउटा अथवा दुवै आँखा रातो हुने ।
- आँखा धेरै चिलाउने, आँखामा कचेरा लाग्ने तथा टासिने ।
- आँखाबाट आसु बगिरहने ।
- आँखा सुन्निने, दुख्ने / बिझाउने ।
- घाम तथा उज्यालो प्रकासमा हेर्न समस्या हुने ।

आँखा पाक्ने रोगबाट बच्ने उपायहरू:

- जथाभावी रुपमा आँखा नछुने / आँखा छुनु भन्दा पहिले राम्ररी साबुन पानीले हात सफा गर्ने ।
- सफा पानीले आँखा सफा गर्ने ।
- अरुले प्रयोग गरेका तौलिया/रुमाल प्रयोग नगर्ने ।
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।



आँखा पाक्ने रोग लागिहालेमा के गर्ने :

- पटक पटक सफा चिसो पानीले आँखा सफा गर्ने ।
- आँखा छोइसकेपछी हरेक पटक साबुन पानीले हात सफा गर्ने ।
- आफूले प्रयोग गर्ने रुमाल, तौलिया, कपडा छुट्टाछुट्टै राख्ने र अरुलाई प्रयोग गर्न वा घुन नदिने ।
- कालो चस्माको प्रयोग गर्ने, आफुले प्रयोग गरेको सिरानीको खोल, तन्ना हरेक दिन सफा गर्ने ।
- जथाभावी रुपमा आँखामा औषधिको प्रयोग नगर्ने ।

सामान्यतया यो रोग १ हप्ता भित्रमा आफै निको भएर जान्छ तर समस्या बढ्दै गएमा तुरुन्त स्वास्थ्य संस्थामा गइ स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्दछ ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**